# आर्थिक बर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट

## इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

२०८१

# बजेट वक्तब्य

## सभाध्यक्ष महोदय,

सभाध्यक्षको अनुमतिले इटहरी उपमहानगरपालिकाको पन्ध्रौ नगर सभाको यस क्षणमा राष्ट्र निर्माण प्रजातन्त्र लोकतन्त्र र गणतन्त्र प्राप्तीका निम्ती भएका संघर्ष र आन्दोलनमा आफ्नो ज्यानको वलीदानी दिनुहुने ज्ञात अज्ञात वीर अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसै गरी इटहरी उपमहानगरपालिकामा स्तरोन्नती हुदा समाहित भएका तत्कालिन स्थानीय निकायका दिवंगत सबै जनप्रतिनिधीहरु प्रती समेत श्रद्धाञ्जली व्यक्त गर्दछु । साविक गाउँ विकास समितिमा नेतृत्व प्रदान गरी इटहरीको विकासमा जिम्मेवारी प्राप्त गरी अगुवाई गर्नुहुने सबै जनप्रतिनिधीहरु लाई यस ऐतिहासिक अवसरमा उच्च सम्मान प्रकट गर्दछु ।

## सभाध्यक्ष महोदय

इटहरी उपमहानगरपालिकाको आगामी आर्थीक वर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेट सम्मानित नगर सभाको बैठकमा पेश गर्ने अवसर पाउँदा गौरवान्वीत महसुस गरेको छु । प्रस्तुत यस नीति, कार्यक्रम तथा बजेटले इटहरीको सन्तुलित विकास गर्दै इटहरीको आधारभूत आवश्यकतालाई पूरा गर्दै थप विकासको मार्ग चित्र कोर्न सहयोग पुऱ्याउने छ भन्ने आशा समेत राखेको छु । तपाई हामी निर्वाचित भएर पश्चात आ.व. २०७९/०८० को बजेट पुर्ण कार्यान्वयन गरी चालु आर्थिक वर्ष २०८०/०८१ नीति कार्यक्रम बजेट कार्यन्वयनको अन्तिम चरण रहेका छौ । यसरी दुई आर्थिक वर्षको नीति ,कार्यक्रम र बजेटको कायन्वयनको समिक्षा गर्दा चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा दीर्घकालीन महत्वका आयोजना परियोजना स्वीकृत गरी कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारबाट प्राप्तहुने समानिकरण अनुदानमा कटौती र हाम्रो लक्ष्य अनुसारको राजश्व संकलन हुन नसक्दा संचित कोषमा रकम अभावका कारण सम्पन्न भएको आयोजना र योजनाको भुक्तानी गर्न कठिनायी भएको छ । यसको दायित्व आगामी आर्थिक वर्षको बजेटमा व्ययभार पर्ने भएकोले आगामी आर्थिक वर्षमा उल्लेखनिय आयोजना योजनाहरु छनौट गर्न समेत बजेट अभाव भएको अवस्था रहेको व्यहोरा आदरणिय नगरसभा सदस्यहरुलाई अवगत गराउन चाहन्छु।

सभाध्यक्ष महोदय

ईटहरी उपमहानगरपालकिाको हालको वेरुजु रकम तपाई हाम्रो कार्यकालको मात्र नभई विगत लामो समयदेखी साविकका स्थानीय निकाय हुदा देखीकै रहेको व्यहोरा सभाध्यक्ष मार्फत सम्मानित सभा र सम्पूर्ण नगरवासी आमावुवा, दाजुभाई, दिदि वहिनीहरुलाई अवगत गराउन चाहन्छ ु। वित्तिय अनुसाशनलाई कायम गर्नका निम्ति महालेखा परिक्षणको वार्षिक प्रतिवेदनले सुझाएका सुझावहरुलाई आत्म साथ गरिदै लगिने छ । त्यसै गरी हालको वेरुजुलाई कानून बमोजिम फछ्यौट गर्नका निम्ती आगामी आर्थिक वर्ष देखी लेखा समितिको वैठक नियमित रुपमा वसी वेरुजुहरुलाई क्रमश कानून वमोजिम समपरिक्षण तथा फछ्यौट गरी आर्थिक पारदर्शिता र सुशासन कायम गर्दै जाने व्यहोरा समेत सभाध्यक्ष मार्फत आदरणीय नगर सभाका सदस्यहरु ज्यूहरुलाई जानकारी गराउदछु ।

सभाध्यक्ष महोदय

अब म आगामी आर्थिक वर्षको नीति, कार्यक्रम बजेटको उद्देश्य, प्राथमिकता र विशेषता प्रस्तुत गर्न चाहन्छु ।

बजेटका उदेश्यहरु

१) हामीलाई उपलब्ध स्रोत साधन र अवसर न्यायोचित विवरण मार्फत समतामूलक समाजको निर्माण गर्नु ।

२) भ्रष्टाचार जन्य क्रियाकलापमा शून्य शहनशिलताको नीति अंगिकार गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाई शुसासन कायम गर्ने ।

३) स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरी नागरिकलाई सहभागितात्मक विकासमा जोड दिने ।

४) विकासको प्रतिफल सन्तुलित एवं समान रुपमा उपयोग हुने गरी समावेशीताको सिद्धान्त लाई नागरिकस्तर सम्म पुऱ्याउने ।

५) नगरपालिका र अन्तर्गतका कार्यालयबाट प्रवाहहुने सेवा सुबिधालाई सेवा ग्राही मैत्री, छिटो, छरितो, मितव्ययी र प्रभावकारी बनाउने ।

## बजेटका प्राथमिकताहरु

१) भौतिक पूर्वाधार विकास ।

२) स्वास्थ्य र शिक्षाको विकास ।

३) समाज परिचालन र समाजिक विकास ।

४) कृषी र उत्पादनमा जोड ।

५) बाढी नियन्त्रण एवं विपद् जोखिम न्यूनिकरण ।

## बजेटको विशेषता

१) इटहरी र इटहरी वासीको आवश्यकतालाई पहिचान गरी प्राथमिकीकरण गरी बजेट विनियोजन गरिएको ।

२) सार्वजनिक वित्तिय व्यवस्थालाई उचित ध्यान दिइएको ।

३) राजश्व सुधारको योजना कार्यन्वयन गरी राजश्वको दायरा फराकिलो बनाई आन्तरिक श्रोत बृद्धि गर्ने ।

## सभाध्यक्ष महोदय

चालु आर्थिक वर्ष २०८०/०८१ को आय व्यय र संसोधित अनुमान र बजेटको समिक्षात्मक अवस्थाको बारेमा विवरण प्रस्तुत गर्दछु । चालु आर्थिक वर्ष २०८०/०८१ मा आय तर्फ जेष्ठ मसान्त सम्मको वित्तिय समानिकरण अनुदान रु २२ करोड ३५ लाख ८९ हजार, संघीय ससर्त अनुदान चालु खर्च तर्फ रु ४४ करोड ६० लाख ५३ हजार, संघीय सर्सत

अनुदान पुजीगत खर्च तर्फ रु २६ करोड ४५ लाख ९६ हजार, संघीय विशेष अनुदान रु ३ करोड ३१ लख २५ हजार, संघीय समपुरक अनुदान रु १ करोड, प्रदेश वित्तिय समानिकरण अनुदान रु २ करोड ७ हजार, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु ५२ लाख ४ हजार, प्रदेश ससर्त अनुदान पुजिगत खर्च तर्फ रु १ करोड २८ लाख, प्रदेश समपुरक अनुदान रु ४५ लाख ७६ हजार, संघीय राजश्व वाँडफाँड रु १३ करोड ४४ लाख ५२हजार, प्रदेश राजश्व वाँडफाँड सवारी कर रु २ करोड १० लाख ८ हजार, प्रदेश राजश्व बाँडफाँड अन्तर्गत घरजग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत) रु १२ करोड ८० लाख ४६ हजार, स्थानीय राजश्व बाँडफाँड रु ८ लाख ४० हजार, आन्तरिक आय रु २८ करोड ६९ लाख ४८ हजार र गत आर्थिक वर्षको नगद मौज्दात रु ५ करोड ४२ लाख ७८ हजार गरी कुल रु १ अर्ब ६४ करोड

५५ लाख २२ हजार खुद आय प्राप्त भएको छ भने चालु आर्थिक वर्षका लागि गत नगरसभा बाट पारित बजेटमा रु २ अर्ब ३५ करोड ३१ हजार अनुमान गरिएकोमा १४ औं नगरसभाबाट समेत वजेटको आकारमा वृद्धी भइ रु २ अर्ब ७४ कराड ८७ लाख ३१ हजार हुन गएकोमा चालु आर्थिक वर्षको अन्त्य सम्ममा संघीय समानिकरण अनुदान तर्फ रु २७  करोड ७५ लाख, संघीय समपुरक अनुदान रु १ करोड, संघीय सरकार विषेश अनुदान रु ३ करोड ७५ लाख र संघीय सरकार ससर्त अनुदान चालु खर्च तर्फ रु ४४ करोड ६० लाख ५३ हजार, संघीय सरकार ससर्त अनुदान पुजीगत खर्च तर्फ रु २६ करोड ४५ लाख ९६ हजार, प्रदेश वित्तिय समानिकरण अनुदान रु २ करोड ७ हजार, प्रदेश समपुरक अनुदान रु १ करोड, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु ७४ लाख ५४ हजार, प्रदेश ससर्त अनुदान पुजीगत खर्च तर्फ रु १ करोड ३३ लाख ५० हजार,  संघीय राजश्व बाँडफाड रु १८ करोड ३ हजार,प्रदेश राजश्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन मालपोत) रु २२ करोड २५ लाख, प्रदेश राजश्व बाँडफाँड ( सवारी कर) रु २ करोड ३० लाख, आन्तरिक श्रोत रु ३४ करोड ५० लाख, स्थानीय राजश्व बाँडफाँड रु १० लाख ७० हजार र गत आर्थिक वर्षको नगद मौज्दात परिवर्तन बाट रु ५ करोड ४२ लाख ७८ .हजार, गरी जम्मा रु १ अर्ब ९१ करोड २३ लाख ११ हजार आय हुने भई रु ८३ करोड ६४ लाख २० हजार, न्युन हुने संसोधित अनुमान पेश गर्दछु। संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान प्राप्त नभएको, आन्तरिक स्रोत र मालपोत रजिष्ट्रेसन शुल्क प्रक्षेपण गरे अनुसार संकलन नभएकोले आय न्युन भई यस आर्थिक वर्षमा सञ्चालित योजना तथा कार्यक्रमको भुक्तानी तथा दायित्व आगामी आर्थिक वर्षमा सरेर जाने देखिन्छ।

<u>सभाध्यक्ष महोदय ,</u>

आर्थिक वर्ष २०७९/०८० को शिर्षक गत आर्थिक वर्ष ०७९/०८० को यथार्थ आम्दानी आ.व. २०८०/०८१ को प्रक्षेपण र जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी र २०८०/८१ को असार मसान्त सम्मको संसोधित अनुमान र आगामी आर्थिक वर्ष २०८१/०८२ को प्रक्षेपण तालिका यस बजेटको अनुसुचिमा रहेको व्यहोरा जानकारी गराउँदछु।

<u>सभाध्यक्ष महोदय,</u>

अब म आगामी आर्थीक वर्ष २०८१/०८२ को अनुमानित बजेट प्रस्तुत गर्दछु । आगामी आर्थिक वर्षको लागि संघीय समानिकरण अनुदान रु २९ करोड ५६लाख, संघिय ससर्त अनुदान चालु खर्च तर्फ रु ४९ करोड ४३ लाख १५ हजार, संघिय ससर्त अनुदान पुजीगत खर्च तर्फ रु ८१ करोड ९३ लाख ११ हजार संघीय समपुरक अनुदान रु ४ करोड, संघीय विशेष अनुदान रु ५ करोड, प्रदेश समानिकरण अनुदान रु १ करोड ९४ लाख ४५ हजार, प्रदेश ससर्त अनुदान चालु खर्च तर्फ रु ३२ लाख ३८ हजार, प्रदेश ससर्त अनुदान पुजीगत खर्च तर्फ रु २ करोड ४४ लाख, प्रदेश समपुरक अनुदान रु १ करोड ७७ लाख, संघीय राजश्व बाँडफाँड रु १९ करोड ११ लाख, प्रदेश राजश्व वाँडफाँड (सवारी कर) रु २  करोड ३३ लाख ४१.हजार, प्रदेश राजश्व बाँडफाँड (मालपोत रजिष्ट्रेसन ) रु .५६ करोड , आन्तरिक श्रोत बाट रु ९६ करोड, र

**नगद मौज्दात परिवर्तन बाट रु ३ करोड र नगर विकास कोषबाट आन्तरिक ऋण ५ करोड गरि कुल जम्मा रु ३ अर्ब ५७ करोड ८४ लाख ५० हजारको अनुमानित बजेट पेश गर्दछु ।**

**सभाध्यक्ष महोदय,**

**अव म आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि अनुमानित खर्चको प्रस्ताव प्रस्तुत गर्दछु । चालु खर्च तर्फ रु १ अर्ब ४१ करोड ३४ लाख ३७ हजार अर्थात कुल बजेटको ३९.५ प्रतिशत, वित्तिय व्यवस्था अन्तर्गत साँवा ब्याज भुक्तानी तर्फ रु ९० लाख अर्थात कुल बजेटको ०.२५ प्रतिशत र पुँजिगत तर्फ रु २ अर्ब १५ करोड ६० लाख १३ हजार अर्थात कुल बजेटको ६०.२५ प्रतिशत मध्ये विषयगत तर्फ रु ३० करोड, वडा सिमा तर्फ रु ३८ करोड, नगरस्तरिय योजनाको लागि रु ८ करोड नगरको चालु प्रशासनीक खर्च समेत गरी रु ४५ करोड विनियोजन गरेको छु । जसको विवरण अनुसुचिमा संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।**

**सभाध्यक्ष महोदय ,**

**अब म विषय गत रुपमा नीती कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।**

भौतिक पूर्वाधार विकास तर्फः

१.आवधिक योजना,मध्यमकालिन खर्च संरचना निर्माण गरि दिगो विकास,राष्ट्रिय तथा प्रदेश नीति र नगरवासीहरुको आवश्यकता अनुसार पूर्वाधार विकास योजनाहरु निर्माण तथा कार्यान्वयन गर्दै लगिनेछ।

२.बाहिरी चकपथको निर्माणको लागी संभाव्यता अध्ययन कार्यलाइ निरन्तरता दिइनेछ ।

३. इटहरीको सर्वाङगिण विकासको निम्ति गुरु योजना (**master plan**) तयार गर्न आवश्यक कार्यलाइ अगाडि बढाइनेछ ।

४. सडक कालोपत्रे तथा सडकमा टायल लगाउने जस्ता आयोजनाहरुको सट्टामा संघिय सरकारको नीति अनुरुप आर.सि.सि. ढलान गर्ने कार्य नीतिलाइ क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

५.शुन्दर शहर बनाउन शौन्दर्यकरणका लागी सडक निर्माण संग संगै सडक क्षेत्राधिकार भित्र आवश्यक स्थानहरुमा **curb stone ,footh path, drain, road marking, reflectors,** सहितका **road furniture** लगाउने व्यवस्था गर्दै लगिनेछ ।

६. नगर भित्र संचालन गरिने भौतिक पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रमहरुको जेष्ठ मसान्त भित्रनै सम्पन्न गर्ने गरी भाद्र महिना भित्र नै क्यालेण्डर तयार गरि कार्यान्वयनमा लगिनेछ ।

७.उपभोक्ता मार्फत संचालनमा ल्याइने आयोजनाहरुको निर्माण लागतमा आयोजना स्थलमा रहेका समुदायको आर्थिक सामाजिक अवस्थालाइ मध्यनजर गरी लागत सहभागिता सम्वन्धमा क्षेत्र वर्गिकरण भएको नीतिलाइ निरन्तरता दिइनेछ ।

८. सुरक्षित.आवाश तथा भवन निर्माण कार्यका लागी राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाइ कडाइका साथ कार्यान्वयन गराइनेछ ।

९. हाल संचालनमा आइरहेको निर्माण सामाग्री गुणस्तर परिक्षण प्रयोगशालाको क्षमता विस्तार तथा स्तरोन्नती गरी भौतिक संरचनाहरुलाइ गुणस्तरिय र दिगोपना कायम राख्ने कार्यलाइ निरन्तरता दिइनेछ।

१०. चालु आर्थिक वर्षमा इटहरी उपमहानगरपालिका र विश्व बैंक विच संझौता भइ कार्यान्वयनमा रहेका योजनाहरु आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ साथै एशियाली विकास बैंक र जायिका जस्ता अन्तराष्ट्रिय दातृ संस्थाहरु संग समन्वय भइ चालु आ.व. मा इटहरीको डुवान नियन्त्रण तथा सडक पूर्वाधारका महत्वपूर्ण योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन ( **D.P.R** ) तयार गर्ने कार्य तदारुकताका साथ अगाडि वढिरहेको अवस्थामा आगामी आर्थिक वर्षमा उक्त परियोजनाहरु संचालन गर्ने नीति लिइनेछ।

११.पालिका भित्रका वडा र अन्तरपालिका जोड्ने महत्वपूर्ण सडकहरु निर्माण तथा विस्तार कार्यलाइ निरन्तरता दिइनेछ ।

१२.पैदल यात्रीहरुको आवागमनमा सहजताका लागी कोशी राजमार्ग अन्तर्गत २ वटा आकाशे पुलको निर्माण कार्य चालु आ.व.मा आरम्भ भइ आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।

१३.पालिका भित्र अवस्थित राष्ट्रिय राजमार्ग तथा मुख्य सडकहरुमा सि.सि.क्यामरा जडान कार्यलाइ निरन्तरता दिंदै शान्ती सुरक्षा तथा सडक सुशासन प्रवर्द्धन गरिनेछ ।

१४.व्यवस्थित शहरिकरणमा टेवा पुर्याउन सुरक्षित आवाश तथा वस्ती विकास गर्न न्युनतम भौतिक पूर्वाधार ( सडक,कालोपत्रे,ढलान,इन्टरलक ब्लक,ड्रेन,खानेपानी विद्युत विस्तार ) भएपछि मात्र विक्रीका लागी सिफारिस गरिने नीतिलाइ निरन्तरता दिइनेछ ।

१५.वहुबर्षिय,गत विगतदेखि संचालनमा आइरहेका तथा चालु आ.व.मा सम्पन्न हुन वांकी रहेका सडक तथा पुल पूर्वाधारहरुको प्राथमिकताको आधारमा निर्माण सम्पन्न गर्दै लगिनेछ साथै लामो समय देखि निर्माण संचालन र सम्पन्न हुन नसकेका संकटग्रस्त आयोजना (**Sick Project** ) हरुको संझौता रद्ध गरी नयां प्रक्रियावाट योजना संचालन तथा सम्पन्न गर्ने नीति कडाइका साथ अवलम्वन गरिनेछ ।

१६. वाढी तथा डुवानको समस्यालाइ न्युनिकरण गरि सुरक्षित आवाश तथा व्यवस्थित शहरिकरणका लागी टेङग्रा खोला,खेति खोला,सुकुमारी खोला लगायतका खोला पैनीको क्षेत्राधिकार कायम गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१७. नागरिकहरुलाइ विकसित शहरमा वसोवास गरेको अनुभुति दिलाउन सहज रुपमा आवागमनका लागी पालिका भित्र  आवत जावत गर्न सकिने गरि पुल,कल्भर्ट तथा सडकहरुको निर्माण तथा मर्मत कार्य गर्दै लगिने तथा चालु आ.व. देखिनै नगर बसहरु समेत संचालनमा ल्याइनेछ ।

१८.सडक तथा पुलहरुको दिगोपना तथा सहज रुपमा पानी निकासका लागी घना वस्ती भएका सडक किनारामा आर.सि.सि. प्रोटेक्सनवाल,ड्रेन निर्माण कार्य योजनाहरुलाइ निरन्तरता गर्दै लगिनेछ।

१९.कालोपत्रे तथा ठुला मेशिन औजार प्रयोग गरि गरिने निर्माण कार्य वाहेकका जल प्रकोप नियन्त्रण,स-साना कल्भर्ट , नाली निर्माण, खोला पैनी सरसफाइ ,सडक ग्राभेल,इन्टरलक ब्लक ओच्छ्याउने जस्ता कार्यहरुमा उपभोक्तहरुको लागत सहभागिता सुनिश्चितता भए/गरे पछि मात्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।

२०.नगर भित्रका आवश्यकताका आधारमा सरोकावालाहरुवाट माग भएका सा-साना एउटै प्रकृतिका निर्माण कार्यहरुहरुलाइ एकिकृत गरि रु ५ लाख भन्दा साना आयोजनाहरुको न्युनिकरण गर्दै लगिने नीतिलाइ निरन्तरता दिइनेछ ।

२१. टेङग्रा खोलाको क्षेत्राधिकार कायम र कोरिडोर निर्माण गर्ने परियोजना संचालन गर्दा पूर्ण रुपमा विस्थापित हुने घर परिवारलाइ पून स्थापना गर्ने नीति लिइनेछ ।

२२. विश्व बैंकको सहयोगमा इटहरीको मुख्य समस्याको रुपमा रहेको वाढी तथा डुवानको समस्यालाइ दिर्घकालिन रुपमा समाधानको लागी नमुना कार्यक्रमको रुपमा आएका प्रकृतिमा आधारित मोडेल ( **Nature Based Solution** ) वाट बाढी नियन्त्रण गर्ने कार्यको संभाव्यता अध्ययन चालु आर्थिक वर्षमा भइरहेकोमा आगामी आर्थिक वर्षमा नमुना मोडेलको रुपमा कार्यान्वयन ल्यइनेछ ।

स्वास्थ्यतर्फ:

- राष्टिय खोप तालिका अनुसार सबै बालबालिकाले खोप पाउने अधिकारलाई सुनिश्चित गरी पूर्णखोप नगर कायम गरिनेछ । भ्याक्सिनको प्रभावकारीता बढाउनको लागि छुटाछुटै कोल्डरूम र ड्राइरूमको व्यवस्था गरिनेछ ।
- बालबालिकाहरूमा देखिने अटिजम्को पहिचान तथा व्यवस्थापनका लागि अभिभावक तथा विद्यालय केन्द्रित कार्यक्रम संचालन गरिनेछ ।
- उप प्रमुख प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत महिलाहरूको आङ खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, प्रसव फिस्टुला सम्वन्धि समस्यालाई

इटहरी अस्पताल तथा स्वास्थ्य चौकीहरूवाट नियमित स्क्रिनिङ गर्ने व्यवस्था मिलाइनेछ । साथै ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।

- ल्याव सेवा भएका स्वास्थ्य चौकीहरूवाट गर्भवती महिलाहरूको लागि **ANC profile** निशुल्क गरिने व्यवस्था मिलाइनेछ ।
- सुत्केरी पोषण भत्तालाई निरन्तरता दिइएकोछ ।
- आयुर्वेद लगायत अत्यावश्यक औषधीको उपलब्धता सुनिश्चित गर्दै सरकारी नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरूवाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मेडिकल औजार उपकरण, ल्याव रिएजेन्ट र सर्जिकल सामाग्रीको आपूर्ति तथा वितरण प्रभावकारी बनाइनेछ ।
- वडास्तरमा सामुदायिक नर्सिङ घरदैलो कार्यक्रम मार्फत हरेक परिवारको फेमिली प्रोफाइल तयार गर्नुको साथै स्वास्थ्य सचेतना, परिक्षण तथा परामर्श सेवा प्रदान गरिनेछ । जेष्ठ नागरिकलाई घरमा नै नियमित स्वास्थ्य परिक्षण एवम् औषधी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- १८ वर्ष मुनिको एच.आइ.भि. संक्रमित बालबालिकाहरूको लागि मासिक पोषण खर्च वापत रू १०००। उपलब्ध गराइनेछ ।
- प्रत्येक वडाको सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय नर्सिङ कार्यक्रम संचालन तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य विमा लागु भएका नगरभित्रका निजी अस्पतालहरूसंग समन्वय गरी स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा नियमितरूपमा विशेषज्ञ सेवा सन्चालन गरिनेछ ।
- अति विपन्न, असहाय, गरीव, द्वन्द प्रभावित, हिंसा पीडित, महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइएकोछ ।
- मृगौला प्रत्यारोपण, डायलायसिस गराइरहेका, मेरूदण्डको पक्षघात, क्यान्सर जस्ता कडा रोगको विरामीहरूको मासिक उपचार खर्च एकिकृत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पन्जिकरण शाखा मार्फत विरामीको व्यक्तिगत बैकं खातामा उपलब्ध गराइनेछ ।
- नगर अन्तर्गतका सवै स्वास्थ्य संस्थामा विद्युतीय स्वास्थ्य तथ्याङ्क, सुचना, अभिलेख तथा प्रतिवेदन प्रणाली लागु गरिनेछ । यसका लागि आवश्यक इलेक्ट्रोनिक सामाग्री तथा वैकल्पिक विद्युत लाइनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रको सुदृढिकरणका लागि न्युनतम सेवा मापदण्ड कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ । स्वास्थ्यकर्मीको पेशागत वृतिविकासका लागि क्षमता विकास सम्वन्धि तालिमको आयोजना गरिनेछ ।

- इटहरी अस्पतालको पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा थप सेवा विस्तारका लागि अनुदान रकम दिइनेछ । रेडियो इमेजिङ सेवा, फिजियोथेरापी, दन्तचिकित्सा सेवा थप सेवाको रूपमा सन्चालन गरिनेछ ।
- महामारी रोकथाम नियन्त्रण, आपतकालीन स्वास्थ्य व्यवस्थापनको लागि पूर्व तयारी र प्रतिकार्य योजना तयार गरी सर्भिलेन्स प्रणालीलाई सुदृढ गरिनेछ ।
- इटहरी अस्पतालमा संचालित ल्याव विभागमा माददण्ड वमोजिम ल्याव उपकरण तथा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।
- नसर्ने तथा मानसिक रोगको रोकथाम एवम् स्वास्थ्य प्रवर्धनको लागि आयुर्वेद, होमियोप्याथी तथा अन्य वैकल्पिक चिकित्सालाई समावेश गरी कार्यक्रम सन्चालन गरिनेछ । सबै वडामा नागरिक आरोग्य केन्द्रसन्चालन तथा विस्तार गरी स्वस्थ जीवनशैली, आहारविहार, योग ध्यान तथा व्यायाम प्रवर्धन गरिनेछ ।
- विभिन्न निकायमा दर्ता भई यस नगरमा सन्चालित निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूवाट प्रवाह हुने सेवाको गुणस्तर मापनका लागि अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- नगरवासीको लागि निशुल्क एम्बुलेन्स तथा शव वाहन सुविधालाई निरन्तरता दिइएकोछ ।
- सुरक्षित मातृत्व क्षेत्रमा अतुलनिय कार्य गरेको परिवार नियोजन संघ, इटहरी शाखालाई पूर्वाधार विकासको लागि आर्थिक सहयोग गरिनेछ।
- निजी तथा सरकारी अस्पताल लगायत स्वास्थ्य संस्थाहरूवाट सिर्जित अस्पतालजन्य फोहोरमैला उचित व्यवस्थापनका लागि अन्य स्थानको विद्यमान प्रणालीको अध्ययन अवलोकन गरी भावी रणनीति तयार गरिनेछ ।

## सामाजिक विकासतर्फः

### १.लैङ्गिक समानता, सामाजिक समावेशीकरण

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले तय गरे बमोजिम कार्यनीति तयार गरि कार्ययोजना बनाई लागु गरिनेछ,
- बजेट तर्जुमा,कार्यन्वयन र अनुगमन प्रक्रियालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन लैङ्गिक उत्तरदायी बजेट परिक्षणको व्यवस्था मिलाइनेछ ।

- सामाजिक क्षेत्रसँग सम्बन्धी महिला,बालबालिका,अपाङ्गता भएका व्यक्तिहरु लगायतको खण्डीकृत तथ्यांक संकलनको कार्यलाई निरन्तरता दिईने छ ।
- सामाजिक तथा लैङ्गिक क्षेत्रमा अध्ययन,अन्वेषण तथा खोज अनुसन्धान गर्ने व्यक्तिलाई प्रोत्साहको व्यवस्था मिलाइनेछ ।
- आर्थिक अवस्था कमजोर भएका,हिँसा प्रभावित,अपाङ्गता भएका,एकल/विधवा तथा पिछडा वर्गका महिला एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको लागि आर्थिक सशक्तीकरण,उधमशिलता तथा प्राविधिक सिपमुलक तालिम प्रदान गरि समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।
- लैंगिक हिँसा पिडितको सिघ्र सम्वोधनका लागि लैङ्गिक हिँसा निवारण कोष संचालन कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।
- लैङ्गिक हिँसा पिडितका लागि संचालनमा रहेको अल्पकालीन आश्रयस्थल(सुरक्षित आवास गृह)लाई थप व्यवस्थित गरिनेछ । एकद्वार संकट व्यवस्थापन प्रणाली मार्फत लैंगिक हिँसा पिडितको समस्या सम्बोधन गर्न विभिन्न निकायहरु संग समन्वय गरिनेछ ।
- हिँसा पिडित महिला,बालबालिका तथा किशोरीका लागि मनोसामाजिक परामर्श तथा कानुनि सहायताका लागि आवस्यक व्यवस्था मिलाइनेछ ।
- उप-मेयर आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी बनाउन कार्ययोजना बनाई व्यावसायिकता र उधमशिलता विकास कार्यक्रमको रुपमा निरन्तरता दिईनेछ ।
- महिला तथा पिछडिएको वर्ग तथा युवाहरुलाई सार्वजनिक सेवा तयारी(लोकसेवा,शिक्षक सेवा,स्वास्थ्य सेवा,बैंकिंग) कक्षाहरु संचालन गरिनेछ ।
- विभिन्न सामाजिक संघ/संस्थाबाट संचालन गरिने कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइनेछ । वडास्तरीय समिति,उपसमिति तथा ता कार्यक्रमहरु मार्फत हस्तान्तरण गरिएका सामाग्रीहरुको संरक्षण तथा रेखदेख सम्वन्धित वडा कार्यालयबाट हुने व्यवस्था मिलाइनेछ ।

२.बालबालिका

- बालबालिकाको सर्वांगीण विकासका लागि बाल बचाउ,संरक्षण, विकास र सहभागिताका सूचकका आधारमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।
- बालमैत्री नगर तथा वडा  घोषणाका लागि आवस्यक पुर्वसर्त कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडी बढाइने छ  ।
-  नगर तथा वडा बाल सञ्जालको क्षमता विकास गरिनेछ  । वालवालिका विरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण निषेध गर्ने नीतिलाई निरन्तरता दिइनेछ  ।
- नगर क्षेत्र भित्रका बालगृह तथा बाल आश्रमहरुलाई कानुन बमोजिम नियमित अनुगमन गरि व्यवस्थित गर्दै लगिनेछ  ।
- बालविवाह विरुद्धको रणनीति अनुसारको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- अभिभावक बिहिन बालबालिकाको संरक्षणको लागि आवस्यक व्यवस्था मिलाइनेछ । सडक बालबालिका,श्रम क्षेत्रमा रहेका बालबालिका,मनोरञ्जन क्षेत्रमा रहेका बालबालिकाको उद्दार,पुनर्स्थापना,पारिवारिक पुनर्मिलन तथा पुनःएकीकरण संघ संस्थाहरु संग समन्वय गरिनेछ ।
- विधालयहरुमा योग,ध्यान,मनोसामाजिक परामर्श,नैतिक शिक्षाका कक्षाहरु तथा लागूऔषध दुर्व्यसन विरुद्दको सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक अवस्था कमजोर बालबालिकाका लागि विद्यालय पोशाक तथा शैक्षिक सामाग्री सहयोग  गरिनेछ ।
- जिर्ण बालविकास केन्द्रहरुको शैक्षिक र भौतिक सुधारका लागि बजेटको व्यवस्था गरिनेछ  ।
- उप महानगरका सवै सामुदायिक र संस्थागत  विद्यालयहरु तथा समुदायमा बालक्लब र बालक्लब संजाल गठन प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- निर्माणाधीन बाल उधानहरुलाई पूर्णता दिइने छ । एक वडा एक बालउधान कार्यक्रमलाई  क्रमस लागु गर्दै लगिनेछ ।

३.अपाङ्गता भएका व्यक्ति

- प्रदेश सरकारसंगको साझेदारीमा संचालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ  ।

- एकै परिवारमा एक भन्दा बढी अपाङ्गता भएका परिवारलाई कार्यविधि तयार गरि जीवन निर्वाह भत्ताको प्रवन्ध मिलाइने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको आत्मनिर्भर,स्वावलम्बी र सम्मानजक जीवनयापनका लागि आवस्यक कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहजताका लागि कार्यालयमा अपाङ्गता सहायता कक्ष र दोभाषेको व्यवस्था गरिनेछ ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री,ब्रेल लिपि वा अपाङ्गता अनुकुलको प्रविधिको व्यवस्था मिलाइनेछ । अपांगता भएका बालबालिकाका लागि शैक्षिक सामाग्री प्रदान गरिन्छ कार्यालयमा अपाङ्गता सहायता कक्ष र दोभाषेको व्यवस्था गरिनेछ ।
- उप-महानगर अन्तर्गत निर्माण हुने सार्वजनिक भौतिक संरचना अनिवार्य रुपमा अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ । मौजुदा सार्वजनिक संरचना अपाङ्गतामैत्री बनाउदै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिको आर्थिक र सामाजिक सशक्तिकरणको लागि आयआर्जनमुलक क्रियाकलापमा सहभागी गरिनेछ । सिप सिकी उद्यमी बन्न इच्छुक अपाङ्गता भएका व्यक्तिका लागि उधमसिलता विकास तालिम प्रदान गरिनेछ ।
- पूर्ण अपाङ्गता भएका व्यक्तिलाई घरैमा गएर अपाङ्गता परिचय पत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको शारीरिक र मानसिक विकासका लागि खेलकुद र मनोरञ्जनात्मक क्रियाकलाप संचालन गरिनेछ । त्यस्ता क्रियाकलाप संचालन गर्न गैरसरकारी र सामुदायिक संघ संस्थासँग समन्वय/समन्वय गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति र परिवारका सदस्य रहेका सबै वडाका मिलिजुली समुहहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्तिहरुको संस्थालाई अपाङ्गता भएका व्यक्तिहरुको छाता संस्थाको रुपमा क्षमता विकास गरि कार्यविधि अनुसार नियमनको व्यवस्था मिलाइनेछ ।
- **Social Information Management System(SIMS)** मार्फत **QR Code** सहितको अपाङ्गता परिचय पत्र वितरणको व्यवस्था मिलाइनेछ ।

- **Autisum** भएका बालबालिकाका अभिभावकका लागि **Awareness** कार्यक्रम संचालन गरिने छ । **Autisum** भएका बालबालिकाकालागि **therapy Center** संचालनका लागि संस्थागत सहयोग गरिनेछ ।
- अति बिपन्न अपाङ्गता भएका नागरिकहरुलाई बस्नलाई बास र खानलाई गाँस कार्यक्रम संचालन गरिनेछ ।

<u>४.जेष्ठ नागरिक</u>

- एक वडा एक ज्येष्ठ नागरिक विश्रामस्थल तथा दिवासेवा कार्यक्रम अन्तर्गत सबै वडाहरुमा जेष्ठ नागरिक दिवा सेवा संचालनका लागि आवस्यक सहयोग गर्दै लगिनेछ ।
- जेष्ठ नागरिक पुस्तान्तरण कार्यक्रम मार्फत अन्तरपुस्ता सिप हस्तान्तरण गरि सामाजिक पुँजीको विकास गर्ने व्यवस्था मिलाइनेछ ।
- इटहरीको धन : बुवा आमाको सम्मान कार्यक्रम अन्तर्गत वडा/वडामा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गर्नेछ ।
- उप-महानगर क्षेत्र भित्र संचालनमा रहेका जेष्ठ नागरिक सँग सम्वन्धीत संघ/संस्था तथा आश्रमहरुको सुदृढीकरण र व्यवस्थापनमा सहयोग,नियमन तथा अनुगमन गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका जेष्ठ नागरीकहरुका घरैमा गइ राहत वितरणको व्यवस्था मिलाइनेछ । हिँसा,अपहेलना तथा परिवार विहिन ज्येष्ठ नागरिकहरुलाई पुर्स्थापना,परामर्श सेवा,स्वास्थ्य सेवा तथा कानुनी उपचारमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकका अनुभव तथा भोगाई सम्वन्धी अप्रकाशित लेख रचना लिपिवद्ध गर्ने सहयोग गरिनेछ ।
- जेष्ठ नागरिकको शारीरिक र मानसिक स्वास्थ्यको लागि जेष्ठ नागरिक स्वास्थ्य शिविर ,तिर्थाटन भ्रमण,मनोरन्जनात्मक खेल,योग शिविर जस्ता क्रियाकलापहरु संचालन गरिनेछन ।

# ५.आदिवासी जनजाति./दलित/पिछडा वर्ग/यौनिक तथा अल्पसंख्यक

- इटहरीको प्रथम जाती थारुको भाषा,कला,संस्कृति जगेर्नाका गर्ने कार्यलाई निरन्तरता दिइने ।
- आदिवासी जनजातीको परम्परागत भेषभुषा/संस्कृति तथा बाजागाजा संरक्षणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- आदिवासी जनजाति विकास समिति गठन गरि आदिवासी जनजातीको सर्वपक्षिय विकास र संरक्षणको व्यवस्था मिलाइनेछ ।
- लोपोन्मुख जातजातीहरुको उत्थान र विकासका लागि कार्यक्रम गरिनेछ ।
- दलित समुदाय तथा पिछडिएको क्षेत्रको परम्परागत सिप र व्यवसायलाई प्रोत्साहन गरी व्यवसायीकरण गर्दै लगिनेछ । मुसहर,दनुवार,खल्वे,मधेसीपिछडा वर्ग ,मुस्लिम,सरदार,डोम आदि विपन्न,अल्पसंख्यक तथा गरिब विपन्न दलित समुदायको लागि जीविकोपार्जन,रोजगारी सिर्जना र क्षमता विकास तथा जातीय विभेद उन्मुलनका कार्यक्रम संचालन गरिनेछ ।
- पिछडिएका क्षेत्र समुदायका बालबालिकाको शैक्षिक विकासका  लागि उचित प्रवन्ध मिलाइनेछ ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई सामाजिक अन्तरघुलन मार्फत स्वास्थ्य र मर्यादित जीवनयापन गर्न वातावरण तयार गर्ने  कार्यक्रमहरु संचालन गरिनेछन ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको तथ्यांक यकिन गरि सम्मानका साथ खुलेर आफ्नो यौनिक/लैङ्गिक पहिचान दिन सक्ने वातावरण तयार गर्न कार्यक्रमहरु संचालन गरिनेछन ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएका आधारमा गरिने अपमानजनक व्यवहारलाई जनचेतना मार्फत न्यूनीकरण गर्दै लगिनेछ । त्यस्ता समुदायलाई जीविकोपार्जन र आयआर्जनमुलक क्रियाकलापमा संग्लग्न हुने वातावरण मिलाइनेछ ।
- **HIV/AIDS** तथा यौन रोग बाट बच्न सुरक्षित यौन व्यवहार सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन ।

## ६.सामाजिक संघ/संस्था तथा टोलविकास संस्था सम्वन्धीः

- संघ/संस्था दर्ता ऐन तयार गरि कार्यान्वयनमा ल्याइने छ ।
- संघसंस्थाले संचालन गर्ने योजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन तथा नियमन सम्बन्धीत वडाबाट हुने व्यवस्था मिलाईनेछ ।
- उप-महानगरको आर्थिक सहायतामा सामाजिक संघ संस्थाले संचालन गर्ने कार्यक्रममा गै.स.स.को कम्तिमा ३०% आर्थिक साझेदारी रहने व्यवस्था मिलाइनेछ ।
- समाज कल्याण परिषद र जिल्ला प्रशासन कार्यालयमा दर्ता भई उप-महानगर क्षेत्र भित्र कार्यालय रहेका संघ/संस्थाको तथ्यांक लिई अभिलेखीकरण गरिनेछ । संघ/संस्थालाई नियमित रुपमा नविकरण र सुचिकृत हुने व्यवस्था मिलाइनेछ ।
- सामाजिक संघसंस्थाले संचालन गर्ने योजना तथा कार्यक्रमको समिक्षा तथा प्रतिवेदन प्रणालीको विकास गर्दै लगिनेछ ।
- इटहरी उपमहानगरपालिका क्षेत्र भित्र दर्ता भएका टोल विकास संस्थाहरुको सशक्तीकरण र सवलिकरण गरि टोलविकास संस्थाहरुलाई क्रियाशील र गतिशिल बनाइनेछ ।
- टोलविकास संस्था गठन हुन बाकि रहेका वडा/टोल बस्तिहरुमा क्रमस टोल विकास संस्था गठन गरि सामुदायिक तथा सामाजिक विकासमा परिचालन गर्न थप व्यवस्थित गरिने छ ।
- शहरी तथा ग्रामिण समाजलाई समुन्नत, सभ्य सुसंस्कृत बनाई समाज विकास र आपसी सद्भाव सामाजिक एकता वढाउनका निम्ती टोल विकासहरुको क्षमता अभिवृद्धी गरिदै लगीने छ ।
- विकास निर्माणको कार्यलाई टोल विकास संस्थाको सहयोग र समन्वयमा संचालन गर्न गराउन उत्प्रेरित गर्ने /गराउने निति अवलम्बन गरिने छ ।
- टोल विकास संस्था मार्फत समाजमा समानता, समता, सद्भाव, समझदारी, समन्वय र मेलमिलाप गराउने कार्यमा वडा तथा नगरपालिकाले आवश्यक पहल कदमी लिइ टोल विकास संस्थाका पदाधिकारीहरुको क्षमता अभिबृद्धी गरिने छ ।
- टोल वस्तिस्तरमा संचालन हुने विकास निर्माणको कार्यमा टोल विकास संस्थाको रेखदेख अनुगमनमा प्रत्यक्ष ढंगबाट सहभागीता गराउने कार्यमा जोड दिइने छ ।
- टोल विकास संस्थालाई वडा तथा नगरपालिका बाट प्रदान गरिने सेवासंग क्रमश जोड्दै लानका निम्ती टोल विकास संस्था संचालन ऐनलाई समयानुकुल संसोधन गरिने छ ।
- निस्कृय रहेका टोल विकास संसथाहरु सम्बन्धित वडा कार्यालयको समन्वयमा क्रियाशिल र गतीशिल वनाउनका निम्ती आवश्यक व्यवस्था मिलाइने छ ।

- टोल विकास संस्थाहरु नगरपालिका तथा वडाको समुदाय स्तरको सहयोगी संस्था भएकोले टोल विकास संस्थाको संचालन परिचालनको लागि आवश्यक बजेटको समेत प्रवन्ध गरिने छ ।

## ७.उद्धम विकास तथा वैदेशिक रोजगारीः

- गरिवी निवारणका लागि लघुउधम विकास (मेडपा)कार्यक्रमलाई निरन्तरता दिइनेछ । व्यवसाय संचालन गरि रहेका उद्धमीहरुलाई ब्रान्डीग,प्याकेजिंग,सर्टिफिकेसन तथा व्यवसाय दर्ताका लागि सहजीकरण गरिनेछ ।
- लघु उद्धम विकास कार्यक्रम तथा उपमेयर आत्मनिर्भर कार्यक्रम माफर्त सिपलिई व्यवसाय गरिरहेका उत्कृष्ट उधमी महिलालाई सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।
- परम्परागत इतिहास बोकेका खाध बस्तुको ब्रान्डीग गरि व्यवसायीकरण गर्न कार्यक्रम तय गरिनेछ ।
- एक उद्धमी एक सिपमा दक्षताका लागि उद्ध्मीहरुलाई विशेष व्यवस्था मिलाइनेछ ।
- स्वदेशमा नै रोजगारी गरौ,वैदेशिक रोजगारीमा जानै परेमा सिप सिकेर मात्र जाऊ भन्ने संदेश सहित सिप सिकेर मात्र वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाइनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित,मर्यादित र व्यवस्थित बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ । वित्तीय साक्षरता,मनोसामाजिक परामर्श सेवा,तथा अभिमुखीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारी सम्वन्धी सुचना र परामर्श प्रदान गरिनेछ ।

## ८.संस्कृती, भाषा, कला र साहित्य

- इटहरी उप-महानगरपालिकाको नगर लोगो तथा नारा तयार गरिनेछ ।
- निर्माणाधीन बहुजातीय संग्राहलय सम्पन्न गरि प्रदर्शनीमा ल्याइनेछ ।
- मुक्तिधाम,कचना महादेव,भवानीपुर,जब्दी मन्दिर जस्ता धार्मिक स्थलहरुको विकास गर्दै धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै लगिनेछ ।

- पकलीमा रहेको थारु जातीको ऐतिहासिकता बोकेको भान्से पोखरी,दश विगे पोखरी जस्ता तल पोखरीहरुको सौन्दर्यकरण गरि पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- इटहरीमा लाग्ने सिरुवा,छैठ लगायत विभिन्न पर्व तथा  मेलाहरुको प्रवर्धन र प्रचाप्रसार गरिनेछ ।
- इटहरी उप महानगरपालिका भित्र रहेका भाषा,कला,साहित्य र सिर्जनाको संरक्षण,संवर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- इटहरी उप- महानगरपालिकाको साख वृद्धि हुने गरी भाषा,कला,साहित्यमा योगदान पुर्याउने,सहभागी हुने,विजयी हुने नागरिकलाई सम्मान र प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- इटहरी भित्रका सबै जातजाती भाषाभाषीका पुरातात्विक, ऐतिहासिक,धार्मिक,सास्कृत सम्पदाहरुको जीर्णोद्वार,संरक्षण र सम्वर्धन गरिनेछ ।
- मातृभाषाको संवर्द्धन,जातीय तथा क्षेत्रिय कला,संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी कार्य गरिनेछ ।
- मठमन्दिर,गुम्बा,चर्च,मस्जिद,ग्रामथान,धर्मशाला लगायत धार्मिक आस्थाका केन्द्रहरु,पाटीपौवा,चौतारी,गौचरण,कब्रस्तान,इनार लगायत सबै जात,धर्म र आस्था राख्ने समुदायका दाहसंस्कार स्थलको संरक्षण र विकास गरिनेछ ।

<u>शिक्षा, युवा तथा खेलकुदः</u>

१. सामुदायिक विद्यालयको न्यूनतम भौतिक पूर्वाधारको विकास र विस्तारः

- विद्यार्थी शिक्षक अनुपात, भौगोलिक सेवा क्षेत्र न्यून भएका दुई वा सोभन्दा बढी विद्यालयलाई विद्यालय नक्साङ्कनका आधारमा शैक्षिक सत्र २०८१ बाट ठूला (**BIG**) विद्यालय स्थापना गरिनेछ,
- आगामी शैक्षिक सत्रबाट सामुदायिक विद्यालयमा अध्ययरत बालबालिकाको आवातजावतलाई सहज बनाउन स्कुल बसको सेवालाई क्रमश अन्य विद्यालयमा विस्तार गर्दै लगिनेछ,
- खानेपानीको सुविधा नपुगेका (ट्यूवेलको प्रयोग गर्ने) वडामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ ।

- न्यूनतम विद्युत, इन्टरनेट तथा खानेपानी महशुल अनुदानसमेत विद्यालयलाई उपलब्ध नीति लिइनेछ ।
- विद्यालयको वातावरणलाई स्वच्छ बनाउनका (शौचालय तथा विद्यालय हाता सरसफाइ) लागि आवश्यक जनशक्ति परामर्श सेवाबाट खरिद गरी कार्यन्वयन गर्न विद्यार्थी संख्याका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- सामुदायिक विद्यालयहरु/बालविकास केन्द्रहरुमा विद्यार्थी सङ्ख्याका आधारमा अपुग हुने भवन/कक्षाकोठा/घेराबारा/रङ्गरोगन/फर्निचर (डेस्क बेन्च/झयाल ढोका) थप गर्ने तथा मर्मत गर्ने नीती लिइनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई क्रमश स्मार्ट विद्यालयको रुपमा विकास विकास गर्दै लगिनेछ ।
- बालविकास केन्द्रहरुलाई आवश्यक पूर्वाधार सहित नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

<u>शिक्षा, युवा तथा खेलकुदः</u>

१ सामुदायिक विद्यालयको न्यूनतम भौतिक पूर्वाधारको विकास र विस्तार-

- विद्यार्थी शिक्षक अनुपात, भौगोलिक सेवा क्षेत्र न्यून भएका दुई वा सोभन्दा बढी विद्यालयलाई विद्यालय नक्साङ्कनका आधारमा शैक्षिक सत्र २०८१ बाट ठूला (**BIG**) विद्यालय स्थापना गरिनेछ,
- आगामी शैक्षिक सत्रबाट सामुदायिक विद्यालयमा अध्ययरत बालबालिकाको आवातजावतलाई सहज बनाउन स्कुल बसको सेवालाई क्रमश अन्य विद्यालयमा विस्तार गर्दै लगिनेछ,
- खानेपानीको सुविधा नपुगेका (ट्यूवेलको प्रयोग गर्ने) वडामा सञ्चालित सबै सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ ।
- न्यूनतम विद्युत, इन्टरनेट तथा खानेपानी महशुल अनुदानसमेत विद्यालयलाई उपलब्ध नीति लिइनेछ ।
- विद्यालयको वातावरणलाई स्वच्छ बनाउनका (शौचालय तथा विद्यालय हाता सरसफाइ) लागि आवश्यक जनशक्ति परामर्श सेवाबाट खरिद गरी कार्यन्वयन गर्न विद्यार्थी संख्याका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

- सामुदायिक विद्यालयहरु/बालविकास केन्द्रहरुमा विद्यार्थी सङ्ख्याका आधारमा अपुग हुने भवन/कक्षाकोठा/घेराबारा/रङ्गरोगन/फर्निचर (डेस्क बेन्च/झयाल ढोका) थप गर्ने तथा मर्मत गर्ने नीती लिइनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई क्रमश स्मार्ट विद्यालयको रुपमा विकास विकास गर्दै लगिनेछ ।
- बालविकास केन्द्रहरुलाई आवश्यक पूर्वाधार सहित नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

२. शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच विस्तार

- शैक्षिक सत्र २०८१ बाट विद्यालयहरुमा आवश्यक न्यूनतम सूचना प्रविधि/इन्टरनेट, स्मार्ट बोर्ड, सि.सि.क्यामारा, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिको प्रबन्ध मिलाउनेछ ।
- यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका कक्षाहरुलाई क्रमश प्रविधिमैत्री कक्षाका रुपमा विकास गरिनेछ ।

३. पेशागत विकास र सहयोग-

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग वार्षिक करार सम्झौता गरी न्यूनतम मापदण्ड पूरा गर्ने मा.वि, नि.मा.वि र प्रा.वि तहका प्रधानाध्यापकहरुलाई प्र.अ.भत्ता बापत क्रमशः रु २०००, १५०० र १००० मासिक रुपमा उपलब्ध गराउन आगामी कार्यक्रम समावेश गरिनेछ,
- काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरी विद्यालयको शैक्षिक अभिवृद्धिका लागि शिक्षकको पेसागत वृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आगामी शैक्षिक सत्रबाट प्रत्येक हप्ताको एक दिन सामुदायिक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, सङ्गित, भाषा, कला, साहित्य तथा नेतृत्व सिप विकास गर्ने कार्यक्रम (Friday for Future) सञ्चालन गरिनेछ,
- आधारभूत तालिम नलिएका प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई आधारभूत तालिमको व्यवस्था मिलाइनेछ ।
- आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयका लागि आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्नुका साथै शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम (शैक्षणिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरण, शैक्षिक सामग्री निर्माण र प्रयोग, आधुनिक सूचना प्रविधिको सिकाइमा प्रयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण आदि) सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम(प्रअ नेतृत्व विकास (बार्षिक बजेट निर्माण, IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, IEMIS व्यवस्थापन, शैक्षिक योजना निर्माण र कार्यान्वयन) विद्यालय कर्मचारी (IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, दैनिक प्रशासन र अभिलेख व्यवस्थापन,पुस्तकालय व्यवस्थापन) को व्यवस्था गरिनेछ।

४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तार

- अनौपचारिक शिक्षा अन्तर्गतका कार्यक्रमहरु (साक्षरता कक्षा सञ्चालन र निरन्तर शिक्षा सम्बन्धी) सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तारका लागि थप १ सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी सबै केन्द्रको कार्य क्षेत्र निर्धारण गरिनेछ ।
- विद्यालय उमेर समुहका विद्यालय नगएका र १५ बर्ष माथिका निरक्षरहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ ।

५. प्राविधिक शिक्षाको पहुँच विस्तार-

- इटहरी उपमहानगरपालिका र एसओएस हर्मन माइनर स्कूलको साझेदारीमा सञ्चालित प्रविधिक धार (कम्प्युटर इनजिनियरीङ) कक्षा ९-१२ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- नगर क्षेत्र भित्र सञ्चालनमा नरहेका प्राविधिक धार कक्षा ९-१२ का विषयलाई सामुदायिक तथा सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालयले निजी लगानीमा सञ्चालन गर्न चाहेमा नियमानुसार अनुमति प्रदान गरिनेछ ।

६. विद्यालय शिक्षाको पुनर्संरचना-

- प्रारम्भिक बाल विकास केन्द्र र आधारभूत तह सञ्चालित विद्यालयहरुलाई विद्यार्थी संख्या तथा प्रचलित मापदण्डका आधारमा पुनर्संरचनाको (नयाँ स्थापना, सार्ने, गाभ्ने, बन्द गर्ने र तह घटाउने) व्यवस्था मिलाइनेछ ।
- प्रचलित नियम र मापदण्डका आधारमा दरबन्दी मिलान गर्ने र तहगत न्यूनतम दरबन्दी नपाएका विद्यालयहरुलाई प्रदान गर्दै आएको शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।

७. विद्यालय नर्सिङ सेवाको विस्तार-

- शैक्षिक सत्र २०८१ बाट प्रत्येक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वास्थ्योपचारको लागि सबै सामुदायिक विद्यालयमा क्रमश विद्यालय नर्सिङ कार्यक्रम विस्तार गरिनेछ । साथै मोबाइल नर्सिङ सेवा सबै विद्यालयहरुमा उपलब्ध गराउन व्यवस्था मिलाइनेछ ।

८. विद्यालय शुसासन तथा गुणस्तर-

- खुला प्रतिस्पर्धाबाट माध्यमबाट पूर्णकालीन प्रधानाध्यापक छनोट गरी प्रधानाध्यापकलाई शैक्षिक गुणस्तरप्रति जवाफदेही र उत्तरदायी बनाउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ,
- शैक्षिक सत्र २०८१ देखि संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित बनाई सबै प्रकारका शुल्कहरुमा एकरुपताका लागि आवश्यक व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट हरित विद्यालय निर्माण कार्यक्रम साथै विद्यालयमा योग, ध्यान, प्राणायम, आयुर्वेद शिक्षालाई कार्यान्वयनको व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट विद्यालय लेखाङ्कन प्रणालीलाई व्यवस्थित बनाउन दोहोरो लेखा प्रणाली (SAS) को कार्यान्वयन गरिनेछ,

- विद्यालयमा गठन गरिने पूर्व विद्यार्थी समाज, स्काउट, आमा समूह, बाल क्बल, समूह/सदन, जुरेस, युरेस जस्ता समूहको गठन गरी बालबालिकामा सामाजिक भावना, नैतिक शिक्षा, व्यावहारिक सिप विकास गरिनेछ,
- आगामी शैक्षिक सत्रबाट इटहरी उपमहानगरपालिकाअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयको पोसाकमा एकरुपता कायम गरिनेछ,
- विद्यालयहरुमा विदाको समयमा पानी, बत्ती र परिवान शुल्क लिन नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ,
- विद्यालय सञ्चालनको अनुमति लिई शैक्षिक सत्रभित्र कक्षा सञ्चालन नगर्ने विद्यालयको अनुमति रद्द गरिनेछ,
- दलित, अपाङ्ग, सीमान्तकृत, अति विपन्न, मुसहर तथा लोपोन्मुख जातिलाई राज्यको मूलधारमा पहुँच नपुगेका अन्य बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ,
- सबै सामुदायिक विद्यालयहरुमा क्रमश तहगत प्रधानाध्यापकको व्यवस्था गर्दै लगिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा इ हाजिरी र सिसि क्यामेरा जडान गरी गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- त्रैमासिक रुपमा नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्धबार्षिक रुपमा प्रधानाध्यापक,विव्यस अध्यक्ष र शिअसंघ अध्यक्ष सहितको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी विद्यालयको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षा,युवा तथा खेलकुद महाशाखाबाट सम्पादित कार्यक्रमहरुको अर्धबार्षिक तथा बार्षिक प्रगति समीक्षाको व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा महाशाखामा कार्यरत कर्मचारी विद्यालय व्यवस्थापन समितका अध्यक्ष,प्रधानाध्यापक र शिक्षकहरु को कार्य सम्पादन करार सम्झौता गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षक कर्मचारीहरुलाई सिकाइ उपलब्धिका आधारमा आवश्यक मापदण्ड बनाइ दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थीमा अन्तर्निहित खेल तथा गीत संगीत क्षेत्रको विकासका लागि यस उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई परामर्श सेवा

खरिदबाट प्रशिक्षक व्यवस्थापनका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराइनेछ ।

- शैक्षिक सत्र २०८१ देखि स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत इटहरीको सेरोफेरो (कक्षा १-८) र थारु भाषाको पाठ्यपुस्तक (कक्षा १-५) विकास गरी लागूगर्ने व्यवस्था मिलाइनेछ ।
- संस्थागत तथा सामुदायिक विद्यालयका शैक्षिक तथा आर्थिक गतिविधि सहितको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा भिभावक भेला आयोजना गरी सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ५० बर्ष उमेर पूरा गरी ३० बर्ष स्थायी नोकरी अवधि पूरा गरेका १ बर्ष भन्दा बढी सेवा अवधि बाकी रहेका शिक्षकहरुले सेवाबाट स्वेच्छिक राजिनामा गरेमा एकमुष्ट प्रोत्साहन उपलब्ध गराइनेछ ।
- कक्षा १२,एसइइ,कक्षा ८ र कक्षा ५ को अन्तिम परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्रा,एक छात्रलाई प्रोत्साहनगर्न पुरस्कारको व्यवस्था गरिनेछ ।
- निजी तथा सामुदायिक शिक्षण संस्था बिच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहनगर्ने वातावरण तयार गरिनेछ ।
- शैक्षिक सत्र २०८१ देखि सामुदायिक विद्यालयहरुमा न्यूनतम रुपमा सङ्गित, खेलकुद, नृत्य शिक्षकको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षबाट इटहरी उपमहानगरपालिकाभित्र सङ्गित क्षेत्रको विकासको लागि सङ्गित शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ ।

९. युवा तथा खेलकुद

- सामुदायिक विद्यालयहरुमा अध्ययरत विद्यार्थीहरुको खेल क्षेत्रको विकासको लागि स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर खेलकुद विकास समिति गठन तथा कार्यालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्डप्रतियोगीता सञ्चालनको व्यवस्था मिलाइनेछ ।

- अन्तर्राष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी र जिल्लास्तरीय खेलकुद प्रतियोगीतामा उत्कृष्ट खेल प्रदर्शनगर्ने नगर भित्रका खेलाडीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगीता (मेयर कप,फुटबल, भलिबल, उसु, कराँते, तेक्वान्दो, टेवल टेनिस, ब्याडमिण्टन, एथेलेटिक्स, क्रिकेट, म्याराथुन, फुटसल, फेन्सिङ, बास्केटबल, बुद्धिचाल, स्नुकर आदि ) सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- खेलकुदसँग सम्बन्धित संस्थाहरु उपमहागरपालिकामा दर्ता गरी खेल क्षेत्रको विकासलाई ब्यवस्थित बनाइनेछ ।
- खेलसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु नगर खेलकुद विकास समितिको निर्णयानुसार सञ्चालन हुने ब्यवस्था मिलाइनेछ ।
- अन्तर्ष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी , जिल्लास्तरीय तथा अन्तर पालिकास्तरीय खेलकुद प्रतियोगीतामा सहभागीताको ब्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्दै लगिनेछ ।
- नगरस्तरीय अपाङ् खेलकुद प्रतियोगीता सञ्चालन गरिनेछ ।
- इटहरी उपमहानगरपालिका वडा नं.९ मा सञ्चालित कोशी प्रदेशको स्वामित्वमा रहेको रंगशालालाई उपमहानगरपालिकले स्वामित्वलिइ सञ्चालनगर्न आवश्यक पहल गरिनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत बसोबासगर्ने १५-४५ बर्षका युवाहरुको रोजगारी र खेल क्षेत्रको संलग्नता देखिने लगत संकलन गरिनेछ ।
- इटहरी उपमहानगरपालिकामा दर्ता भएका खेलसँग सम्बन्धित संस्थाहरुलाई प्रतियोगीता सञ्चालनका लागि आवश्यक खेल सामग्रीहरु उपलब्ध गराइनेछ ।
- नगर खेलकुद सञ्चालन नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्र भित्र विभिन्न स्थानमा क्रमश खुल्ला व्यायामशाला स्थापना

२. शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच विस्तार

- शैक्षिक सत्र २०८१ बाट विद्यालयहरुमा आवश्यक न्यूनतम सूचना प्रविधि/इन्टरनेट, स्मार्ट बोर्ड, सि.सि.क्यामारा, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिको प्रबन्ध मिलाउनेछ ।

- यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका कक्षाहरुलाई क्रमश  प्रविधिमैत्री कक्षाका रुपमा विकास गरिनेछ ।

३.पेशागत विकास र सहयोग-

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग वार्षिक करार सम्झौता गरी न्यूनतम मापदण्ड पूरा गर्ने मा.वि, नि.मा.वि र प्रा.वि तहका प्रधानाध्यापकहरुलाई प्र.अ.भत्ता बापत क्रमशः रु २०००, १५०० र १००० मासिक रुपमा उपलब्ध गराउन आगामी कार्यक्रम समावेश गरिनेछ,
- काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरी विद्यालयको शैक्षिक अभिवृद्धिका लागि शिक्षकको पेसागत वृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आगामी शैक्षिक सत्रबाट प्रत्येक हप्ताको एक दिन सामुदायिक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, सङ्गित, भाषा, कला, साहित्य तथा नेतृत्व सिप विकास गर्ने कार्यक्रम (Friday for Future) सञ्चालन गरिनेछ,
- आधारभूत तालिम नलिएका प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई आधारभूत तालिमको व्यवस्था मिलाइनेछ ।
- आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयका लागि आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको  क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्नुका साथै शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम (शैक्षणिक योजना निर्माण र कार्यान्वयन,विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरण,शैक्षिक सामग्री निर्माण र प्रयोग, आधुनिक सूचना प्रविधिको सिकाइमा प्रयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण आदि) सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुको क्षमता विकासका लागि  आवश्यक तालिम(प्रअ नेतृत्व विकास(बार्षिक बजेट निर्माण, IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, IEMIS व्यवस्थापन, शैक्षिक योजना निर्माण र कार्यान्वयन) विद्यालय

कर्मचारी (IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, दैनिक प्रशासन र अभिलेख व्यवस्थापन,पुस्तकालय व्यवस्थापन) को व्यवस्था गरिनेछ।

४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तार

- अनौपचारिक शिक्षा अन्तर्गतका कार्यक्रमहरु (साक्षरता कक्षा सञ्चालन र निरन्तर शिक्षा सम्बन्धी) सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तारका लागि थप १ सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी सबै केन्द्रको कार्य क्षेत्र निर्धारण गरिनेछ ।
- विद्यालय उमेर समुहका विद्यालय नगएका र १५ बर्ष माथिका निरक्षरहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ ।

५. प्राविधिक शिक्षाको पहुँच विस्तार-

- इटहरी उपमहानगरपालिका र एसओएस हर्मन माइनर स्कूलको साझेदारीमा सञ्चालित प्रविधिक धार (कम्प्युटर इनजिनियरीङ) कक्षा ९-१२ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्र सञ्चालनमा नरहेका प्राविधिक धार कक्षा ९-१२ का विषयलाई सामुदायिक तथा सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालयले निजी लगानीमा सञ्चालन गर्न चाहेमा नियमानुसार अनुमति प्रदान गरिनेछ ।

६. विद्यालय शिक्षाको पुनर्संरचना-

- प्रारम्भिक बाल विकास केन्द्र र आधारभूत तह सञ्चालित विद्यालयहरुलाई विद्यार्थी संख्या तथा प्रचलित मापदण्डका आधारमा पुनर्संरचनाको (नयाँ स्थापना, सार्ने, गाभ्ने, बन्द गर्ने र तह घटाउने) व्यवस्था मिलाइनेछ ।
- प्रचलित नियम र मापदण्डका आधारमा दरबन्दी मिलान गर्ने र तहगत न्यूनतम दरबन्दी नपाएका विद्यालयहरुलाई प्रदान गर्दै आएको शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।

७. विद्यालय नर्सिङ सेवाको विस्तार-

- शैक्षिक सत्र २०८१ बाट प्रत्येक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको स्वास्थ्योपचारको लागि सबै सामुदायिक विद्यालयमा क्रमश विद्यालय नर्सिङ कार्यक्रम विस्तार गरिनेछ । साथै मोबाइल नर्सिङ सेवा सबै विद्यालयहरुमा उपलब्ध गराउन व्यवस्था मिलाइनेछ।

<u>८. विद्यालय शुसासन तथा गुणस्तर-</u>

- खुला प्रतिस्पर्धाबाट माध्यमबाट पूर्णकालीन प्रधानाध्यापक छनोट गरी प्रधानाध्यापकलाई शैक्षिक गुणस्तरप्रति जवाफदेही र उत्तरदायी बनाउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ,
- शैक्षिक सत्र २०८१ देखि संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित बनाई सबै प्रकारका शुल्कहरुमा एकरुपताका लागि आवश्यक व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट हरित विद्यालय निर्माण कार्यक्रम साथै विद्यालयमा योग, ध्यान, प्राणायम, आयुर्वेद शिक्षालाई कार्यान्वयनको व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट विद्यालय लेखाङ्कन प्रणालीलाई व्यवस्थित बनाउन दोहोरो लेखा प्रणाली (SAS) को कार्यान्वयन गरिनेछ,
- विद्यालयमा गठन गरिने पूर्व विद्यार्थी समाज, स्काउट, आमा समूह, बाल क्बल, समूह/सदन, जुरेस, युरेस जस्ता समूहको गठन गरी बालबालिकामा सामाजिक भावना, नैतिक शिक्षा, व्यावहारिक सिप विकास गरिनेछ,
- आगामी शैक्षिक सत्रबाट इटहरी उपमहानगरपालिकाअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयको पोसाकमा एकरुपता कायम गरिनेछ,
- विद्यालयहरुमा विदाको समयमा पानी, बत्ती र परिवान शुल्क लिन नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ,
- विद्यालय सञ्चालनको अनुमति लिई शैक्षिक सत्रभित्र कक्षा सञ्चालन नगर्ने विद्यालयको अनुमति रद्द गरिनेछ,

- दलित, अपाङ्ग, सीमान्तकृत, अति विपन्न, मुसहर तथा लोपोन्मुख जातिलाई राज्यको मूलधारमा पहुँच नपुगेका अन्य बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ,
- सबै सामुदायिक विद्यालयहरुमा क्रमश  तहगत प्रधानाध्यापकको व्यवस्था गर्दै लगिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा इ हाजिरी र सिसि क्यामेरा जडान गरी गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- त्रैमासिक रुपमा  नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ।
- अर्धबार्षिक रुपमा प्रधानाध्यापक, विव्यस अध्यक्ष र शिअसंघ अध्यक्ष सहितको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी विद्यालयको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षा,युवा तथा खेलकुद महाशाखाबाट सम्पादित कार्यक्रमहरुको अर्धबार्षिक तथा बार्षिक प्रगति समीक्षाको व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा महाशाखामा कार्यरत कर्मचारी विद्यालय व्यवस्थापन समितका अध्यक्ष,प्रधानाध्यापक र शिक्षकहरु को कार्य सम्पादन करार सम्झौता गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षक कर्मचारीहरुलाई सिकाइ उपलब्धिका आधारमा आवश्यक मापदण्ड बनाइ दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थीमा अन्तर्निहित खेल तथा गीत संगीत क्षेत्रको विकासका लागि यस उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई परामर्श सेवा खरिदबाट प्रशिक्षक व्यवस्थापनका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराइनेछ ।
- शैक्षिक सत्र २०८१ देखि स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत इटहरीको सेरोफेरो (कक्षा १-८) र थारु भाषाको पाठ्यपुस्तक (कक्षा १-५) विकास गरी लागूगर्ने व्यवस्था मिलाइनेछ ।
- संस्थागत तथा सामुदायिक विद्यालयका शैक्षिक तथा आर्थिक गतिविधि सहितको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा भिभावक भेला आयोजना गरी सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

- ५० बर्ष उमेर पूरा गरी ३० बर्ष स्थायी नोकरी अवधि पूरा गरेका १ बर्ष भन्दा बढी सेवा अवधि बाकी रहेका शिक्षकहरुले सेवाबाट स्वेच्छिक राजिनामा गरेमा एकमुष्ट प्रोत्साहन उपलब्ध गराइनेछ ।
- कक्षा १२,एसइइ,कक्षा ८ र कक्षा ५ को अन्तिम परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्रा,एक छात्रलाई प्रोत्साहनगर्न पुरस्कारको व्यवस्था गरिनेछ ।
- निजी तथा सामुदायिक शिक्षण संस्था बिच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहनगर्ने वातावरण तयार गरिनेछ ।
- शैक्षिक सत्र २०८१ देखि सामुदायिक विद्यालयहरुमा न्यूनतम रुपमा सङ्गित, खेलकुद, नृत्य शिक्षकको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षबाट इटहरी उपमहानगरपालिकाभित्र सङ्गित क्षेत्रको विकासको लागि सङ्गित शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ।

९. युवा तथा खेलकुदः

- सामुदायिक विद्यालयहरुमा अध्ययरत विद्यार्थीहरुको खेल क्षेत्रको विकासको लागि स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर खेलकुद विकास समिति गठन तथा कार्यालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्डप्रतियोगीता सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- अन्तर्राष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी र जिल्लास्तरीय खेलकुद प्रतियोगीतामा उत्कृष्ट खेल प्रदर्शनगर्ने नगर भित्रका खेलाडीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगीता (मेयर कप,फुटबल, भलिबल, उसु, कराँते, तेक्वान्दो, टेवल टेनिस, ब्याडमिण्टन, एथेलेटिक्स, क्रिकेट, म्याराथुन, फुटसल, फेन्सिङ, बास्केटबल, बुद्धिचाल, स्नुकर आदि ) सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- खेलकुदसँग सम्बन्धित संस्थाहरु उपमहागरपालिकामा दर्ता गरी खेल क्षेत्रको विकासलाई ब्यवस्थित बनाइनेछ ।
- खेलसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु नगर खेलकुद विकास समितिको निर्णयानुसार सञ्चालन हुने ब्यवस्था मिलाइनेछ ।

- अन्तर्ष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी , जिल्लास्तरीय तथा अन्तर पालिकास्तरीय खेलकुद प्रतियोगीतामा सहभागीताको ब्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्दै लगिनेछ ।
- नगरस्तरीय अपाङ् खेलकुद प्रतियोगीता सञ्चालन गरिनेछ ।
- इटहरी उपमहानगरपालिका वडा नं.९ मा सञ्चालित कोशी प्रदेशको स्वामित्वमा रहेको रंगशालालाई उपमहानगरपालिकले स्वामित्वलिइ सञ्चालनगर्न आवश्यक पहल गरिनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत बसोबासगर्ने १५-४५ बर्षका युवाहरुको रोजगारी र खेल क्षेत्रको संलग्नता देखिने लगत संकलन गरिनेछ ।
- इटहरी उपमहानगरपालिकामा दर्ता भएका खेलसँग सम्बन्धित संस्थाहरुलाई प्रतियोगीता सञ्चालनका लागि आवश्यक खेल सामग्रीहरु उपलब्ध गराइनेछ ।
- नगर खेलकुद सञ्चालन नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्र भित्र विभिन्न स्थानमा क्रमश खुल्ला व्यायामशाला स्थापना गर्दै लगिनेछ ।

कृषि तर्फः

- कृषिमा आधुनिकीकरण, यान्त्रिकरण ,ब्यबसायिकरण र वजारीकरणलाई जोड दिइ विभिन्न किसिमका औजार उपकरणमा अनुदानमा उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।
- सिंचाईका लागि कृषि भूमिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न साना सिंचाई मोटर बोरिङ्ग तथा कुलो पैनीका लागि अनुदान उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।
- कृषकहरुको क्षमता विकासका लागि विभिन्न किसिमका तालिम , गोष्ठी कार्यक्रमको ब्यबस्था मिलाइनेछ ।
- कृषकहरुको ब्यबसायमा टेवा पुर्याउदै उत्पादन र उत्पादकत्व बृद्धि गर्न उन्नत खाद्यान्न ,दलहन , तेलहन ,तरकारी वालीको वीउ अनुदानमा उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।
- माटोको उत्पादन क्षमता र रासायनिक गुणको परिक्षण गरिनेछ ।

- उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने ब्यबस्था गरी कृषि प्रणालीको विकास गर्दै कृषि पेशा प्रति युवाको आकर्षण बृद्धि गराउने उदेश्यले युवा लक्षित कार्यक्रम गरिनेछ।
- “स्वच्छ जीवनका लागि प्राङ्गारिक मलको उपयोग गरौं " भन्ने मुल नाराका साथ अर्गानिक खेती लाई जोड दिने, खाद्यतत्व आदी अनुदानमा उपलब्ध गराउने ब्यबस्था मिलाइनेछ ।
- ब्यबसायिक कृषक लक्षित मागमा आधारित कार्यक्रम कृषकको आवश्यकता पहिचान गरी अनुदान उपलब्ध गराइनेछ ।
- कृषकहरुको लागि रासायनिक मल समयमा उपलब्ध गराउन सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ ।
- कृषि योग्य जमिनलाई चक्लाबन्दी गरी सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- खाद्यान्न वालीको उन्नत वीउ उपयोगमा (धान गहुँ)को वीउमा अनुदान ब्यबसायिकरण आधुनिकीकरणमा जोड दिइनेछ ।
- प्याज ,आलु खेती कार्यक्रमलाई जोड दिनेछ ।साथै धान बाली लिइसके पछि खाली रहने जमिनको सदुपयोग गर्ने उद्देश्यले मकै खेती प्रवर्द्धन कार्यक्रम संचालन गरीनेछ ।
- ज्ञान ,सीप र अनुभव भए बाँचिन्छ भन्ने भनाइलाई आत्मासाथ गर्दै अगुवा कृषक अवलोकन भ्रमण गराई आधुनिक खेती प्रणालीको विकास गरिनेछ ।
- कृषक पहिचान गरी किसान सूचीकरण सम्पन्न भएका वडाहरुमा किसान परिचय पत्र वितरण गरि तथ्याङ्क अध्यावधिक कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- ब्याबसायिक कृषकहरुलाई सहुलियत दरमा कर्जा प्रवाहको लागि सरोकारवाला निकायसंग समन्वय गरी डिजिटल कृषि ब्यबस्थापन प्रणालीमा जोड दिइनेछ ।

<u>पशुपन्छी विकास तर्फः</u>

१. "प्रयोगशालामा आधारित उपचार सेवा, पशुधनको रक्षामा टेवा" भन्ने नाराका साथ पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापनका लागि प्रयोगशाला, तालिम हल सहितको भेटरिनरी अस्पतालमा विशेषज्ञ सहितको भेटेरीनरी अस्पताल संचालनमा ल्याई आम

पशुपालन क्षेत्रको लागि नविनतम कार्यको शुभारम्भ गरिनेछ । उक्त सेवा प्रदान गर्न मौजुदा जनशक्ति अपुग हुने भएकोले थप विशेषज्ञ जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२. "दुध, फुल, मासुमा वृद्धि, इटहरीको सम्बृद्धि" भन्ने नाराका साथ आम युवाहरूलाई विदेश पलायन हुनबाट रोकी स्वदेशमा नै रोजगारी सिर्जना गर्ने हेतुले मागको आधारमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।

३. कम उत्पादनशिल पशुहरूलाई उत्पादनशिल पशुको रूपमा विकास गरी पशु तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापनको निमित्त कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. बार्है महिना हरियो घाँसमा आधारित पशु पालन पद्धतिको विकास गरी उत्पादन लागत घटाउन हिउँदे तथा वर्षे घाँस विस्तारका लागि उत्पादनमा आधारित हरियो घाँस विस्तार कार्यक्रम संचालन गर्नुका साथै सुख्खा मौसममा पनि पोषिलो आहारा उपलब्ध गराउन हरियो घाँसलाई संरक्षण गर्ने प्रविधिको अवलम्बनगरिनेछ ।

५. न्यून आय भएका कृषकहरूको गाई/भैसीलाई कुपोषण हुनबाट जोगाई उत्पादकत्व वृद्धि गर्न सुत्केरी पोषण वितरण कार्यक्रमलाई निरन्तरता दिई किसानलाई प्रोत्साहन गरिनेछ ।

६. पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगहरूको नियन्त्रणको निमित्त कृषकको घरदैलोमा आकस्मिक उपचार सेवा प्रदान गरिनुका साथै विभिन्न महामारी रोग विरूद्धको नियमित रूपमा निशुल्क खोप कार्यक्रम सञ्चालन गरिनेछ ।

७. किसानको घरदैलोमै सेवा पुर्‍याउन निशुल्क रूपमा पशु स्वास्थ्य शिविर, ड्रेन्चिङ तथा डिपिङ कार्यक्रम, कार्यक्रम सञ्चालन गरिनेछ ।

८. महिला, दलित, आदिवासी जनजाति, थारू, मुस्लिम तथा पिछडा वर्ग लक्षित कुखुरा पालन कार्यक्रम सञ्चालन गरी पारिवारिकपोषण तथा आयआर्जनमा टेवा पुर्‍याईनेछ ।

९. पशुपन्छी सम्वन्धी प्रविधि प्रसार र क्षमता विकासको लागि कृषक तथा कर्मचारीहरूलाई विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सन्चालन गरिनेछ ।

१०. पशुपन्छीहरुलाई लाग्ने विभिन्न किसिमका रोगहरुको निदान गरी तिनका नियन्त्रणका लागि आवश्यक औषधि, खोप तथा घुम्ति शिविरको व्यवस्था मिलाईनेछ ।

११. "गोठ देखि ओठ सम्म" र "वधशाला देखि भान्सा सम्म" भन्ने नाराका साथ मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको उत्पादन देखि उपभोगसम्मको स्वच्छ मासु उत्पादन तथा स्वच्छ दुध उत्पादन प्रकृया बारे जनचेतना मूलक गोष्ठी तथा प्रशोधन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पशुपन्छी सम्वन्धी बिमा र कृषि कर्जा वास्तविक व्यवसायिक कृषकको पहुँचसम्म पुर्‍याउन सरोकारवाला संस्थाहरूसँग अन्तरकृया/गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. बजारमा माछाको बढ्दो मागलाई ध्यानमा राखी स्थानीयस्तरमा रहेको मत्स्यपालन व्यवसायी कृषकहरूलाई प्रोत्साहन गरी मत्स्य विकास गर्न निःशुल्क माछा सम्वन्धि देखा पर्ने विभिन्न समस्याहरूको निराकरण गर्न माछा शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. पशुपालन व्यवसायलाई प्रविधि मैत्रि, आधुनिकीकरण, यन्त्रिकरण गरी प्रति इकाई उत्पादन लागत घटाउन र उत्पादकत्व वृद्धि गर्न विभिन्न किसिमका यन्त्र उपकरण उपलब्ध गराई व्यवसायिक फार्म संचालन गरिरहेका कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।

१५. स्वस्थ पशु, स्वच्छ तथा गुणस्तरीय पशुजन्य उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा बजारीकरणको लागि व्यवसायिक पशुपालन फार्म सञ्चालन गरिरहेका कृषकहरूलाई "पशुपालन असल अभ्यास" **(Good Husbandry Practice GHP)** सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. रेविज रोग नियन्त्रणको लागि सामुदायिक कुकुरहरूले समुदायमा पुर्‍याईरहेको असर न्यूनिकरण गर्न संक्रमित कुकुरहरूको आईसोलेशन हाउस तथा सार्वजनिक स्थल एवं संक्रमित मृत पशुहरूको व्यवस्थापनको लागि डिस्पोजेवल पिट निर्माण गरी वातारणीय असरको व्यवस्थापन गरिनेछ ।

## <u>सहकारी तर्फः</u>

- अर्थतन्त्रका प्रमुख तिन खम्वा मध्येको एक सहकारी क्षेत्रलाई आम नगरवासीहरुको जीवनसँग आवद्ध गराई उद्यमशिलता प्रवर्द्धन मार्फत वेरोजगारी समस्याको न्यूनिकरणमा सहकारीलाई परिचालित गरिने छ ।

- सहकारी सँग सम्वन्धित समग्र कानुनहरुको परिपालना गराउदै सहकारी संस्था र सहकारीका सदस्यहरुको हित प्रवर्द्धन हुने सुनिश्चितता गरिनेछ।
- सहकारी ऐन कानुन वमोजिम सहकारी संस्था संचालन गर्न सरोकारवाला लाई सुसुचित गराइने छ।
- सहकारीको मुल्य मान्यता र व्यवस्था वमोजिम सदस्य केन्द्रित र कार्यक्षेत्र भित्र मात्र कारोवार गर्न उत्प्रेरित गर्दै कार्यक्षेत्र वाहिर कारोवार गर्ने  कार्यलाई निरुत्साहित गरिने छ ।
- सहकारी ऐन नियमावलि वमोजिम संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहन नपाउने सम्वन्धि व्यवस्था कडाईका साथ लागु गरिने छ।
- सहकारी संस्थाको उद्धेश्य अनुरुपको कार्य गर्न प्रोत्साहन गर्दै लगिने छ।
- सहकारीसँग सम्वन्धित सहकारी तथा गरिवि सम्वन्धी व्यवस्थापन सुचना प्रणाली ( COPOMIS) मा इटहरी उपमहानगरपालिका भित्रका सहकारी संस्थाहरुको अवद्धता वृद्धि गर्दै COPOMIS मा रहेका सम्पुर्ण तथ्याङ्क प्रविष्ट गर्दै लैजाने व्यवस्था मिलाइने छ।
- नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै पुँजीको सही परिचालन मार्फत सदस्यहरुको उद्यम प्रवर्द्धनमा केन्द्रित गर्न नियमित रुपमा निरिक्षण एवं अनुगमनको व्यवस्था गरिनेछ।
- प्रचलित सहकारी ऐन कानुन मुताविक सहकारी संस्थाहरुको एकिकरण लाई प्रोत्साहन गरिने छ।
- उत्पादन, बजारीकरण तथा  नवप्रवर्तनमा संलग्न सहकारी संस्थाहरुको प्रवर्द्धनका लागि प्राविधीक र वस्तुगत सहायता प्रदान गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।साथै त्यस्तो कार्यमा संलग्न हुन चाहने नगरभित्रका सहकारी संस्था मध्ये कम्तिमा २ वटा सहकारी संस्थालाई नमुना सहकारी संस्थाको रुपमा छनौट गरी सहकारी प्रवर्द्धनका थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि  संचालक समिति /लेखासुपरीवेक्षण समिति/अन्य उपसमिति/सदस्यहरु र कर्मचारीहरुलाई सहकारी सम्वन्धि विभिन्न तालिम,अन्तरकृया ,गोष्ठी तथा सहकारी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- सहकारी गतिविधिको जानकारी तथा असल अभ्यास आदान प्रदानको लागि नगर सहकारी समिति र सहकारी शाखाका कर्मचारीको सहकारी अवलोकन भ्रमण कार्यक्रम गरिने छ।
- सहकारी सम्वन्धि सचेतना अभिवृद्धि गराई सामाजिक संलग्नता अभिवृद्धि गर्न सहकारी सम्वन्धि  व्रोसर प्रकासनको माध्यमवाट सरोकारवाला लाई जानकारी प्रदान गरिने छ।
- नगरका नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई लक्ष्य अनुरुप सञ्चालन गर्न प्रेरित गर्दै त्यस्ता सहकारी संस्था मध्ये उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ

- सहकारी शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागि आफ्नै वा माथिल्लो निकायको आयोजनामा हुने तालिम कार्यक्रममा सहभागि गराइने छ ।
- नगरको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुबाट तथ्य तथ्यांक संकलन, प्रशोधन र विश्लेषण गरी सहकारी संस्थाको स्तरिकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्थामा आवद्द सेयर सदस्यहरु लाई वित्तिय साक्षरता सम्वन्धि कार्यक्रम संचालन गरिने छ ।
- सहकारी संस्थाहरुलाई व्यवसायिक तथा उत्पादनशिल कार्यमा संलग्न गराउने उद्देश्यका साथ इटहरी उपमहानगरपालिकाको समेत लगानीमा एक विशिष्टीकृत सहकारी संस्था गठन गरि सो मार्फत उद्यमशिल रोजगारीका अवसरहरु सिर्जना गरिने व्यवस्था मिलाइने छ ।
- नगर क्षेत्र भित्रका प्रत्येक सहकारी संस्थाहरुले सदस्य शिक्षा कार्यक्रम अनिवार्य रुपमा संचालन गर्नु पर्ने व्यवस्था कडाइका साथ लागु गर्दै लगिने छ ।
- नगर भित्र संचालित सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको वचत रकम सुरक्षित गर्ने र सदस्यहरुले समेत आफुले लिएको ऋण समयमै तिर्ने कानुनि व्यवस्थाको पालना गराउन गम्भिर भएर लागिने छ ।
- एक व्यक्ति एकमात्र विषयगत सहकारीको सदस्यहुन पाउने कानुनि व्यवस्थाको अनिवार्य पालना गराउन र एक सदस्यद्धारा अनेक सहकारी वाट ऋण लैजाने परिपाटिको अन्त्यको लागि उपमहानगरपालिकामा सोहिअनुसारको सफ्टवेयरको व्यवस्था गर्ने कार्य प्रारम्भ गर्दै क्रमशः लागु गर्दै लगिने छ ।
- सहकारीमा देखापरेको समस्या समाधानको लागि आवश्यकताको आधारमा सहकारी /लेखा विज्ञ परामर्स सेवा लिइनेछ ।
- निष्कृय सहकारी संस्थालाई नियमानुसार खारेजीको प्रकृयामा लगिने छ ।
- ऐ्न नियम वमोजिम संचालित सहकारी संस्थलाई पुरस्कार र ऐन नियम विपरित संचालित सहकारी संस्थालाई कानुन वमोजिम दण्ड र कार्यवाहिको व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

## सुशासन, सेवा तथा मानव संसाधन विकास तर्फः-

- आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने अनियमितता र भ्रटाचारमा संलग्न हुने जो कोहीलाई कडा कारबाही गरिनेछ । सदाचार प्रबर्द्धन र भ्रष्टाचार

जन्य क्रियाकलापको अन्त्य गर्नका लागि शुन्य सहन शितलताको नीति अवलम्बन गर्दै भष्टाचार गर्ने र गराउने दुबैलाई कानूनको दायरामा ल्याइनेछ।

- उपमहानगरका गतिविधि नगरवासी समक्ष पुऱ्याउन नगर बुलेटिन प्रकाशन गरिनेछ।
- प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखवीच कार्यासम्पादन करार गरी प्रमुख प्रशासकीय अधिकृत तथा शाखा/महाशाखा प्रमुखवीच समेत कार्यसम्पादन सम्भौता गरिनेछ।
- उपमहानगरबाट जनप्रतिनिधि तथा कर्मचारीहरुलाई गरिने पत्राचारलाई इलेक्ट्रोनिक प्रणालिको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ।
- नगरपालिकाका सबै विषयगत शाखाहरु अन्तर्गत विनियोजित कार्यक्रमहरुको प्रगति छलफल गरी सत् प्रतिशत कार्यान्वयन गर्न पहल गरिनेछ।
- उपमहानगरपालिकाभित्र राष्ट्रिय/अन्तर्राष्ट्रिय सहयोगमा संचालित आयोजना तथा कार्यक्रमहरुको ब्यबस्थापन र सहजीकरण गर्न तथा उपमहानगरपालिकाको सेवा प्रबाहमा थप कानुनी परामर्श र उपचारको लागी सहजीकरण गर्न नगर क्षेत्र भित्र रहेका सम्बन्धित विषयका बिज्ञहरुलाई सहजकर्ता र विशेषज्ञको रुपमा सेवा र परामर्श लिने ब्यब्स्था मिलाईने छ |
- नगर कार्यपालिका तथा वडा कार्यालयहरुको सेवा प्रवाह तथा काम कारवाहिका सम्बन्धमा नियमित रुपमा सार्बजनिक सुनुवाई तथा सामाजिक परिक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ |
- सबै वडा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गरि वडालाई जिम्मेवार बनाई लेखा, योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाईनेछ |
- उपमहानगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सिफारिस लगायतका सेवाहरु अनलाईन प्रणालि मार्फत गरिने नीति अवलम्बन गरिनेछ।
- डिजिटल तथ्यांक संकलन गरी घटना दर्ता लगायत सामाजिक सुरक्षा कार्यक्रमलाई ब्यवस्थित गरिनेछ। कर्मचारीहरुलाई पंजीकरण, सामाजिक सुरक्षा तथा राजश्व संकलन कार्यमा जिम्मेवार बनाउन अझ बढी तालिम उपलब्ध गराई दक्ष बनाईनेछ |

- कर्मचारीको बृत्ति विकासको समूचित अवसर प्रदान गरी चालु आ.ब. देखि नै उत्कृष्ट कर्मचारीलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ |
- जनप्रतिनिधी तथा कर्मचारीहरुको दैनिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक तालिम, अभिमुखीकरण साथै अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।
- नगरपालिकाको मूलदर्ता र चलानी प्रकृयालाई थप प्रविधिमैत्री बनाईनेछ ।
- नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाईनेछ भने बजार, बालश्रम विद्यालय, ब्यवसाय दर्ता र संचालन, मदिरा विक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधि पसल लगायत नागरिकको जनजीविकासंग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा रही थप कडाइका साथ अनुगमन गरी ब्यबस्थित गर्न स्थानीय सरकारको अनुभूति गराईनेछ ।
- कार्यालयका कर्मचारीहरुलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन उपर्युक्त स्थानमा उपर्युक्त कर्मचारी (**Right man in right place**) नीति अवलम्बन गरी राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा खराब काम गर्ने कर्मचारीहरुलाई दण्डित गर्ने परिपाटी विकास गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सबै कार्यालयहरुमा गुनासो पेटीका तथा उजुरी पेटिकाको छुट्टाछुट्टै ब्यवस्था गरिनेछ ।
- नगरपालिकाको कार्यालयमा संचालनमा रहेको नागरिक सहायता कक्ष (**Help Desk**) लाई थप प्रभावकारी बनाइनेछ
- नगर कार्यपालिका कार्यालय र अन्तर्गतका कर्मचारीहरुको लागि कार्यालय समय आउँदा र जाँदाको दैनिक हाजिरी निरीक्षण गर्ने ब्यवस्थालाई निरन्तरता दिइनेछ |
- स्वीकृत कोष लेखांकन प्रणाली अन्तरगत सुत्र (SUTRA) को प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरुलाई आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।
- उपमहानगरपालिका, नगर कार्यपालिका अन्तर्गतका कर्मचारीहरुको बैयक्तिक विवरणहरु इस्क्यान गरी कम्प्यूटरकृत गरिनेछ ।
- इटहरी उपमहानगरपालिकाभित्र द्रुत गतिमा भई रहेको वस्ति विस्तार र जनसंख्या बृद्धिलाई मध्यनजर गरि शान्ति सुरक्षार्थ हाल स्थापना भएका प्रहरी विटहरुको स्तरोन्नती गरी अस्थाई प्रहरी चौकीको रुपमा विकास गर्नुका साथै आवश्यक पर्ने थप स्थानहरुमा अस्थाई प्रहरी विट स्थापना गर्न आवश्यक पहल कदमी लिईनेछ ।
- संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिबेदनको आधारमा स्वीकृत संगठन संरचना अनुसार आवश्यक कर्मचारिको ब्यब्स्थापन गरिनेछ |
- उपमहानगरपालिकामा २५ वर्ष सेवा पुरा गरेका कर्मचारिहरुलाई सम्मान स्वरूप दिर्घ सेवा पदक प्रदान गरिने छ |

- उपमहानगरपालिका काम काज गर्दै आएका  दैनिक तथा मासिक ज्यालादारी कर्मचारीहरुलाई क्रमशः मासिक तथा करार गर्दै लगिनेछ ।
- नगर प्रहरी तथा वारुणयन्त्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागी आवश्यक जनशक्ति र तालिमको ब्यबस्था गरिनेछ ।
- छाडा चौपाया तथा सडक पेटीमा रहेका अब्यबस्थित हाट बजार,ब्यबसाय तथा विभिन्न सामाग्री राखी गरिने अतिक्रमण माथिको नियन्त्रण लाई निरन्तरता दिईनेछ ।
- २५ वर्ष सेवा अवधि पुरा गरि सकेका कर्मचारीहरु उपदान लिई अवकाशमा जान चाहेमा थप ३ बर्षको सेवासुबिधा थप गरि अवकास दिने **"Golden Handcheqe"** को ब्यबस्था गरिने छ।
- कर्मचारीहरुलाई दैनिक काम काजमा उत्प्रेरित तथा प्रोत्साहन गर्न उपस्थित भएको दिनलाई आधार मानी दैनिक रु २००/- खाजा खर्च बापत रकम उपलब्ध गराईनेछ ।
- उपमहानगरपालिकाले सम्पादन गर्ने सार्बजानिक सेवा प्रवाह तथा बिकास निर्माण को बारेमा स्थानीय जनताहरुको गुनासो तथा उजुरी संकलन र सम्बोधन लाई उत्तरदायी र प्राभाव्कारी बनाउन स्थलगत रुपमै "टोल टोलमा मेयर" कार्यक्रम संचालन गरिनेछ ।
- उपमहानागरपलिका र वडा कार्यालयहरुको बार्षिक योजना तथा कार्यक्रमहरु संकलन र छनौट कार्यमा स्थानीय राजनैतिक दल र संघ संस्थाहरुलाई समेत सहभागी गरईनेछ ।

<u>सूचना तथा संचार प्रविधिः</u>

इटहरी उपमहानगरपालिकाबाट प्रवाहा हुने सेवा सुविधाका साथै राज्यका बिभिन्न अंग र निकायबाट प्रकाशन तथा प्रशारण हुने लोककल्याणकारी सुचना तथा बिज्ञापनलाई थप व्यवस्थित गरी सुसुचीत गराउन पत्रकार जगत तथा आम

सञ्चार माध्यमको प्रयोग अपरीहार्य हुन आउछ अतः यी कार्यहरुलाई व्यवस्थित तवरबाट सञ्चालन गर्न तपशिल बमोजिमको नीति अख्तियार गरिनेछ ।

- फिचर लेखन तालिम, फेलोसिप लेखन तथा पत्रकार सम्मान आदि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- आगामी आ.व. २०८१/०८२ देखि सहरका मुख्य मुख्य चोकहरुमा फ्री वाईफाई जोन बनाइनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- इटहरी भित्रका एफ.एम.रेडियो, टेलिभिजन र अनलाईन मिडियाहरुलाई उपलब्ध गराउँदै आएको कार्यक्रमलाई निरन्तरता दिंदै सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत् जनचेतना, कृषि सेवा, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, विपद् तथा महामारीविरुद्ध सचेतना तथा विकासका गतिविधिहरूको सूचना सम्प्रेषण गरिनेछ ।
- सार्वजनिक महत्वका आवश्यक स्थानहरूमा निजी क्षेत्रसमेतको सहभागितामा निःशुल्क इन्टरनेटको प्रबन्ध गरिनेछ ।
- कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्नेन्स सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।
- नगरवासीहरुलाई सूचना प्रविधिमैत्री बनाउन क्रमशः नगरपालिका परिसर, वडा कार्यालयहरु र महत्वपूर्ण स्थानहरुमा वाईफाई फ्री जोनको लागि इन्टरनेटको प्रवन्ध मिलाइनेछ ।
- मोवाइल एपद्धारा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- नगर सरकारको वेव पेजमा नै सवै वडा कार्यालयहरुलाई आवद्ध गरि वडाका सवै गतिविधिहरु सम्वन्धित वडाको वेब पेजमा राख्ने व्यवस्था मिलाइनेछ ।
- डिजिटलाइज्ड नागरिक बडापत्र यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा यसै आ.व.मा राखिनेछ ।
- यस उपमहानगरपालिका अन्तर्गत रहेको सामुदायिक विधालय तथा स्वास्थ्य संस्थाहरुमा द्रुत गतिको इन्टरनेट जडान गरिनेछ ।

- यस उपमहानगरपालिका अन्तर्गत रहेको सामुदायिक विधालय तथा स्वास्थ्य संस्थाहरुमा सिसि क्यामरा, आइपी टेलिफोन जडान गरी दुरदृष्य अवलोकन गरिनेछ ।

**न्याय सम्पादन तथा कानून निर्माण तर्फः**

१. न्याय सम्पादनलाई प्रभावकारी र सहज बनाउन स्थापित मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाउदै सूचिकृत मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्दि गर्दै लगिनेछ ।

२. न्यायिक समिति बाट सम्पादन हुने कार्य तथा प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै न्यायिक समितिबाट भएका निर्णय कार्यान्वयनलाई विषेश प्राथमिकता दिइनेछ ।यसका लागि न्यायिक समितिको अभिलेखिकरणलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणाली जडान गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

३. न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुबाट असल अभ्यास भएका स्थानीयतहका केही न्यायिक समितिहरुको अवलोकन गरी गराइ त्यहा भएका असल अभ्यासहरुलाई आत्मसाथ गरी हाम्रो न्यायिक समितिलाई परिस्कृत सेवा प्रवाह गर्न सुधारात्मक उपायहरुको अवलम्बन गरिने छ।

४. स्थानीय तहसँग सम्बन्धित समसामयिक कानून र व्यवाहारिक समस्या सम्बन्धमा जनप्रतिनिधी, मेलमिलापकर्ता र कानून शाखा विच अन्तरक्रिया, छलफल गोष्ठि संचालन गरि वडास्तर बाट प्रवाह हुने सेवालाई थप प्रभाबकारी बनाइनेछ ।

५. प्रत्येक वडामा कानूनी साक्षरता अभिवृद्धि गर्न कम्तीमा एक/एक वटा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. हालसम्म निर्माण भएका कानूनी दस्तावेजलाई एकीकृत रुपमा संग्रहित गरी प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ ।

७. मानव अधिकार क्षेत्रको संरक्षण संबद्धन र प्रबद्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८. न्याय सम्पादनको क्रममा जेष्ठ नागरीक, भिन्न क्षमता भएका साथै बालबालिकाहरुलाई प्राथमिकता दिईनेछ ।

९. सम्मानित श्री सुनसरी जिल्ला अदालतले दिएको सुझाव अनुसार न्यायिक समितिको सवलिकरण गरी न्याय सम्पादनको कार्य वस्तुनिष्ट ढंगले गर्न न्यायिक समितिलाई प्रशिक्षित गरी क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका न्यायिक समितिको अधिकार क्षेत्रभित्रका विवादहरुको निरुण, मेलमिलाप गर्न तथा उपमहानगरपालिकाका लागि आवश्यक नीति तथा कानूनको निर्माण र परिमार्जन, संशोधन गर्दै कार्यान्वयन गरिनेछ ।

११. कानून शाखा एवम् न्यायिक समितिको सचिवालयको भैतिक पूर्वाधार एवम् कार्यालय व्यवस्थापन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाईनेछ ।

१२. संघिय कानूनले न्यायिक समितिलाई न्याय निरुपण गर्न दिएका अधिकार तथा स्थानीय तहलाई संविधानले दिएको एकल अधिकार सूची भित्रका विषयमा निवेदन/उजुरी परेमा न्यायिक समितिबाट अन्तिम निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

१३. कानून मस्योदा समितिका पदाधिकारी तथा अन्य सरोकारवालाहरुलाई कानून निर्माण सम्बन्धि अन्तरक्रिया कानूनी उपचार लगायतका विषयमा सम्बन्धित विषय विज्ञसहितको अनुशिक्षण एवम् कार्याशाला सञ्चालन गरी कानून निर्माण प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ ।

१४. सुनसरी जिल्लाभरीका न्यायिक समितिहरु बिचमा हुदै आएको मासिक अन्तरक्रिया कार्यक्रमलाई अझ प्रभावकारी बनाउन विषेश पहल गरिनेछ ।

१५. न्याय सम्पादनलाई चुस्त, दुरुस्त, भरपर्दो र सर्वसुलभ बनाईनेछ

# रोजगार नीति तथा कार्यक्रमः

- स्थानिय तह भित्र रहेका बेरोजगार व्यक्तिहरुको सूचि संकलन गरी रोजगार व्यवस्थापन सूचना प्रणली प्रविष्टी गरी आवश्यक रोजगार सेवा र सहायता प्रदान गरिनेछ।

- रोजगार सेवा केन्द्रबाट नागरिकलाई व्यावसायिक सीप विकास, रोजगार प्रवर्द्धन, उत्पादनशील रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, आप्रवासन अगायतका एकीकृत श्रम तथा रोजगार सेवा प्रदान गरिनेछ।

- प्रत्येक बेरोजगार व्यक्तिलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गरिनेछ।

- "श्रमको सम्मान, राष्ट्रको अभियान" भन्ने नाराका साथ इटहरी उप-महानगरपालिकाको विकास निर्माण सम्बन्धी साझेदारीका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन बनाइनेछ।

- पालिकास्तरीय रोजगार रणनीति तर्जुमा गरिनेछ।

- स्थानीय तह भित्र बैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श प्रदान गरिने छ।

- वैदेशिक रोजगार वोर्डको सचिवालयबाट प्रधान गरिने कल्यानकारी सेवाहरु जस्तै बैदेशिक रोजगारीमा गएका कामदारको परिवारका सदस्यलाई प्रदान गरिने औषधी  उपचार सहयोग, छात्रवृत्ति सहायता, उद्दार तथा खोजतलास सेवा, हकवालालाई आर्थिक सहायता प्रदान गर्ने, विरामी वा अंगभंग भएमा प्रदान गरिने उपचारका लागि आर्थिक सहायता आदि सेवाहरु वोडसंगको समन्वयमा संञ्चालन भइरहेको कार्यलाई  थप प्रभावकारी बनाइनेछ।

- बैदशिक रोजगारीमा जाने व्यक्तिहरुलाईका लागि श्रम स्वीकृति र पुन : श्रमस्वीकृतिको कार्यलाइ थप प्रभावकारी बनाइनेछ।

- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिको पहिचान गरी संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

<u>उपभोक्ता हित संरक्षण नीति:</u>

- उपभोक्ता हकहितलाई मध्यनजर गर्दै नियमित रुपमा बजार अनुगमन गरि उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण सुनिश्चितता गरिने छ।
- उपभोक्ता स्वास्थ्यलाई मध्यनजर गर्दै तथा बजार अनुगमनलाई थप प्रभावकारी बनाउनका लागि खाद्य गुणस्तर मापन प्रयोगशालामा अखाद्य वस्तुहरुको परिक्षण गरिने छ।
- आम उपभोक्ता/व्यवसायी/उद्योगीहरुलाई उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण लगायतका अन्य महत्वपूर्ण विषयमा आमसंचार माध्यम तथा स्थलगत सचेतनामुलक कार्यक्रमहरु संचालन गरि जनचेतना बढाइने छ।
- खाद्य स्वच्छता, पोषण तथा उपभोक्ता सिक्षा कार्यक्रमलाई महत्वका साथ संचालन गरिने छ।
- बजार अनुगमन तथ्यांक व्यवस्थापन गर्नका लागि डिजिटल सिस्टम निर्माण गरिनेछ।

उद्योग, पर्यटन, तथा संस्कृति प्रबर्द्धनः

- इटहरी उपमहानगरपालिकाको पर्यटन प्रबर्द्धन तथा विकाशको लागि आवश्यक स्थानहरुमा सौन्दरिकरण कार्यक्रमहरु छनौट गर्दा पर्या-पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरुलाई प्राथिमिकताका दिई सञ्चालन गरिने छ।
- बाह्य तथा आन्तरिक पर्यटकहरुलाई इटहरी उपमहानगरपालिका क्षेत्र अन्तर्गत रहेका पर्यटकीय गन्तव्यहरुको जानकारी गराउनका तथा सहज पहुचका लागि पर्यटकीय प्रोफाइल वितरण गरिने छ।
- इटहरी उपमहानगरपालिका क्षेत्र भित्र अवस्थित पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न संचार माध्यम मार्फत तथा अन्य उपयुक्त कार्यक्रमहरु चयन गरि सञ्चालन गरिने छ।
- कला, साहित्य तथा संस्कृतिको जगेर्णा गर्नका लागि आवश्यकता अनुसार प्रशिक्षण, अध्ययन तथा रचनात्मक कार्यक्रमहरु पहिचान गरि सञ्चालन गरिने छ।
- इटहरी उपमहानगरपालिकाभित्रको व्यवसायहरुलाई थप चलायमान बनाउनका लागि रात्रीकालिन बजारको अवधारणा अनुसरण गर्दै रात्रीबजार सञ्चालनको लागि आवश्यक पूर्वाधारको निर्माण गरिनेछ।
- वातावरणीय प्रभावहरुलाई न्यूनीकरण गरि स्वच्छ उत्पादनका लागि प्रोत्साहन गर्न उद्योग तथा व्यवसायीहरुलाई सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ साथै उद्योगहरुको नियमित अनुगमन, सुपरिवेक्षण पनि गरिनेछ।
- इटहरी उपमहानगरपालिका भित्र अवस्थित उद्योगहरुको प्रभावकारी अनुगमन गर्नका लागि उद्योग प्रदुषण मापन प्रयोगशाला निर्माण गरि सञ्चालन गरिनेछ।

- इटहरी उपमहानगरपालिका क्षेत्रका उद्यमीहरूलाई प्रोत्साहन गर्नका लागि विभिन्न मेला, महोत्सव तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने प्रक्रियालाई लागि छिटो छरितो बनाइने छ।

राजस्व प्रशासन तर्फः

- इटहरी उपमहानगरपालिकामा कर तिर्ने दायित्व भएका हामी जनप्रतिनिधी र कर्मचारीहरुले आगामी आर्थिक बर्षमा बुझाउनु पर्ने सम्पुर्ण करहरु असोज मसान्तभित्र बुझाई उदाहरणीय कार्यको सुरुवात आफैंबाट गर्नुपर्ने कुराको यस गरिमामय सभा समक्ष प्रस्ताव गर्न चाहान्छु ।
- उपमहानगरपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने कर तथा गैरकर राजस्व प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ । करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदातामैत्री बनाइनेछ । कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।
- कर तथा राजस्व असुलीमा करको दर बृद्धि होइन दायरा फराकिलो बनाउनु पर्दछ । राजस्व सङ्कलन कार्यमा समानता, निश्चितता, मितव्ययीता, करदाताहरुलाई सुविधा, उत्पादकत्व, लचकता, पुर्वानुमानिकता, तिर्न सक्ने क्षमता, सामाजिक न्याय जस्ता कर प्रणालीका आदर्श सिद्धान्तहरुलाई अनुसरण गरिनेछ ।
- तीन तहका सरकारहरुबीच सहकारिता, सहअस्तित्व र समन्वयको संवैधानिक मार्गदर्शन वमोजिम राजस्व सङ्कलनको सम्वन्धमा समेत इटहरी उपमहानगरपालिका क्षेत्रमा रहेका आन्तरिक राजस्व कार्यालय र घरेलु कार्यालयसंग सार्थक समन्वय र जीवन्त सहकार्य गरिनेछ ।

- राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ। वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने आदि कार्यका लागि करदाता सहायता कक्ष सञ्चालन गरिनेछ ।
- नागरिकहरुलाई कर तिर्नका लागि अनावश्यक दुःख, झन्झट होइन कर तिर्ने सहजताको वातावरण निर्माण गर्न आवश्यक संयन्त्रहरु परिचालन गरिनेछ । यस अगाडि सम्पत्ती कर र भुमी कर अनलाइन प्रणालिबाट घरमै बसीबसी तिर्न सकिने प्रबन्ध गरीएकोमा त्यसबाट धेरै करदाताहरुले लाभ लिएको अवस्था छ । इटहरी उपमहानगरपालिकाको सबै सेवालाई क्रमशः अनलाइन प्रणालीमा लाने नीति अनुरुप अन्य कर तथा सेवाहरुलाईसमेत अनलाइन प्रणालीमा आबद्ध गर्नका लागि आवश्यक प्रबन्ध गरिनेछ । इटहरी उपमहानगरपालिका क्षेत्रमा रहेका करदाताहरुको विद्युतीय लगतका लागि इटहरी उपमहानगरपालिकाको छुट्टै **APP** बनाई करदाताहरुको एकीकृत बिवरण संकलन गर्ने व्यवस्था मिलाइनेछ ।
- कर तिर्न अटेर गर्ने, झुठो विवरण पेश गरी कर छली गर्नेलाई जरिवाना सहित कारबाही गरिनेछ।कर नतिर्ने करदाताहरुलाई उपमहानगरपालिकाबाट प्रदान गरिने छुट तथा सुबिधा कटौती गर्ने तथा सबै महाशाखा, शाखा तथा वडा कार्यालयहरुबाट आकस्मिकबाहेकका सेवा प्रबाह गर्दा सेवाग्रहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर, जरिवानालाई सेवासंग आबद्ध गरि अनिबार्य रुपमा असुल उपर गरेर मात्र सेवा प्रबाह गरिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- अन्त्यमा इटहरीबासी आम नागरिकहरुलाई इटहरी उपमहानगरपालिकामा बुझाउनुपर्ने सम्पुर्ण करहरु समयमानै बुझाई सभ्य र सुसंस्कृत नागरिकको परिचय दिनुहुन विशेष अपिल र आग्रह गर्न चाहान्छु ।

## वन तथा वातावरणः

"दिगो वातावरणमैत्री विकासको कल्पनाः इटहरीवासीको चाहाना"

- दिगो विद्यालय वातावरण प्रबर्द्धन **(School Environment Promotion Program)** को अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरणप्रतिको सचेतना विकास गर्दै व्यवहारमा परिवर्तन गरी सबै बिधालयहरूलाई वातावरणमैत्री बनाउनमा जोड दिइनेछ ।
- इटहरी क्षेत्र भित्रका मुख्य सडकहरुमा सुरक्षित वृक्षारोपण गरी शौन्दरियकरण तथा हरियालि प्रवर्धनमा विशेष जोड दिइनेछ।
- पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरू संचालन गर्दा वातावरणमैत्री विकासको अवधारणालाई अवलम्बन गर्दै पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरूको कम्तिमा ३ प्रतिशत बजेट लगाउने व्यबस्था गरिनेछ र नगरपालिकाबाट निर्माण हुने सडकको दुवै किनारामा विरूवा रोप्ने कार्यलाई निरन्तरता दिईनेछ।
- वातावरणमैत्री स्थानीय शासन प्रारुप (EFLGP), २०७८ का सूचकहरुलाई चरणबद्द रूपमा इटहरी उपमहानगरपालिकाको सबै घर, वस्ती, वडामा कार्यान्वयन गरिनेछ। टोल विकास संस्थाको माध्यमबाट नगरलाई वातावरणमैत्री नगरका रूपमा विकास गर्न टोल विकास मध्येबाट उत्कृष्ट टोललाई पुरस्कृत गर्ने नीति अबलम्बन गरिनेछ ।
- सम्बन्धित सरोकारवाला संघ संस्थासंग समन्वय गरी टोल विकास संस्थाको सहकार्यमा वैकल्पिक झोलाको प्रवर्द्धन गरी टोल तथा वडालाई प्लास्टिकमुक्त घोषणा कार्य अभियानको रुपमा सञ्चालन गरिने छ ।
- नगरपालिकाले आगामी आ.व.देखि विद्युतिय सवारी साधन सञ्चालन गरिनेछ ।
- शहरी सौन्दर्यकरणका लागि प्रमुख शहरी क्षेत्रका अप्टिकल फाइवर तथा अन्य तार व्यवस्थित गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्य

अगाडि बढाइने छ।

- समुदायस्तरमा खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। खानेपानी गुणस्तर मापन तथा शुद्धिकरण विधिलाई प्रभावकारी बनाइने छ।
- इटहरी नगर सुन्दर बनाउनका लागि समुदायसँगको साझेदारीमा सार्वजनिक जग्गाहरुमा पार्कहरुको निर्माण गरिनेछ ।
- सबैका लागि सफा पानी तथा सरसफाइ अन्तर्गत विभिन्न पार्क तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माणलाई प्रोत्साहन गरिनेछ । साथै बिपन्न नगरबासीका लागि शौचालय बनाउन सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- घर नक्सा पास गर्दा कम्तीमा २ वटा बहुबर्षिय बिरूवाहरू रोपेर हुर्काउनु पर्ने छ र घर बनाउने क्रममा निस्कने फोहर अनिबार्य ब्यबस्थापन गरे पश्चात घर सम्पन्नता दिने नीति अबलम्बन गरिनेछ।
- शहरी सौन्दर्य अभिवृद्धि गर्न शहरी वन व्यवस्थापन, फलफूल र वगैंचा / उद्यान निर्माण कार्यलाई अन्य निकायसंगको साझेदारी एवं समन्वयमा निरन्तरता दिइने छ। त्यसैगरी टोल विकास संस्थाहरुको सक्रियतामा सार्वजनिक स्थलहरुको नियमित सरसफाइ अभियान संचालन गरिने छ ।
- वातावरण प्रदूषणमा भैइरहेको विकराल परिस्थितिलाई सुधार गर्नका लागि ध्वनी प्रदूषण, जल प्रदुषण, वायु प्रदूषण, दृष्य प्रदूषण लगायतका मानब स्वास्थ्यमा प्रतिकुल प्रभाब पार्ने कारक तत्वहरूलाई निरूत्साहित गर्ने र निर्मूल गर्ने नीति लिइनेछ। ध्वनी प्रदुषण तथा बायु प्रदुषण रोक्नका लागि कोशी प्रदेश ट्राफिक प्रहरी कार्यालय तथा अन्य सम्वन्धित निकायसंग समन्वय गरिनेछ ।

ठोस फोहोरमैला तथा लेदोजन्य फोहोर पानी व्यवस्थापनः

- सफा र स्वच्छ र हराभरा इटहरी अभियान अन्तर्गत दिगो फोहर व्यवस्थापनका लागि फोहरलाई श्रोतमै छुट्याई न्यूनीकरणमा जोड दिदै विविध कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्था लगायतका अन्य सरोकारवालाहरुलाई परिचालन गरिनेछ ।
- नगरस्तरीय ठोस फोहरमैला ब्यबस्थापन कार्य सार्वजनिक नीजि साझेदारी (PPP) अवधारणामा सञ्चालन भईरहेको र यस कार्यलाई अझ प्रभावकारी बनाउन अध्ययन अनुसन्धान गरी बैज्ञानिक तरिकाले ब्यबस्थापन गरिनेछ।
- 3R (Reduce, Reuse, Recycle) अवधारणालाई घर घरसम्म पुर्याई ठोस फोहोर मैला ब्यवस्थापनका गरी अन्तिम बिसर्जन स्थलमा शून्य फोहोर (Zero Waste to Landfill) सम्वन्धी अल्पकालीन र दीर्घकालीन नीति अवलम्वन गरिनेछ ।
- इटहरी वडा नं. १० मा निर्माण सम्पन्न भई सन्चालनमा रहेको फोहोर प्रशोधन केन्द्र सहितको अन्तिम बिसर्जन स्थलको उचित व्यवस्थापन लागि आवश्यक पूर्वाधार निर्माण कार्य गरिनेछ ।
- लेदोजन्य फोहोर व्ययवस्थापन (Feacal Sludge Management) सम्बन्धी आवश्यक अध्ययन गरी उचित व्यवस्थापन गरिने छ ।
- ठोस फोहोरमैला तथा लेदोजन्य फोहोरलाई एकिकृत व्यवस्थापन गर्न अध्ययन गरी आवश्यक पूर्वाधार निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- वातावरण प्रदुषण गर्नमा समस्याको रुपमा देखिएको प्लाष्टिक प्रयोगलाई निरुत्साहन गर्न प्रदेश सरकार एवं सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा प्लाष्टिक झोला, प्लाष्टिक बोटल, गुट्खा, भोला, पान पराग

जस्ता प्लाष्टिकको प्याकेटमा बिक्री वितरण हुदैं आएका वस्तुहरुको प्रयोग माथि प्रतिबन्ध लगाउन आवश्यक तयारी अगाडि बढाइने छ ।

विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन र नदी नियन्त्रण

- इटहरी बजार क्षेत्रमा टयाङ्ग्रा खोलाले वर्षायाममा डुवान/कटान गर्ने समस्याको दीर्घकालीन समाधानका लागि गुरूयोजना तयार भइरहेको र सो खोलालाई बुढी खोलामा स्थानान्तरण (डाइभर्सन) कार्य अगाडी बढाइनेछ ।
- समय सापेक्ष नवीन प्रविधि र उपकरणको व्यवस्था सहित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- बढ्दो आगलागीका घटना न्यूनिकरण लागि घर नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र दिँदा अग्नि नियन्त्रण यन्त्र (Fire Extinguisher) अनिवार्य रुपमा राख्ने नीति अबलम्बन गरिने छ ।
  - इटहरी उपमहानगरपालिकाभित्र आगलागी नियन्त्रणका लागि हाईड्रोलिक दमकल खरिद गरिनेछ । यसको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- इटहरीको सीमा तथा नगरभित्र भएर बग्ने बुढी, टयाङ्ग्रा, खेती, सुकुमारी, मुढा, हक्रा, खर्सला, पानीपिया, सेरा लगायतका अन्य खोला, पैनी, खहरे आदिले वर्षायाममा इटहरी डुवानमा पर्ने भएकोले सघं, प्रदेशसँग समन्वय एवं सहकार्य गरी गुरुयोजना बमोजिम बाढी र डुवान नियन्त्रणका लागि तटबन्ध निर्माणलाई निर्न्तरता दिईनेछ ।
- बर्षेनी यस उपमहानगरपालिका क्षेत्रभित्र हुने गरेको डुवान, भूक्षय तथा नदी कटान जस्ता समस्याहरू समाधानका लागि सम्बन्धित क्षेत्रका विज्ञ, विशेषज्ञ र निकायहरूको सहयोगमा Bioengineering को प्रयोगमा जोड दिइने नीति अबलम्वन गर्दै प्रत्यक्ष रूपमा प्रभावित हुने समुदायलाई सो सम्बन्धमा ज्ञान,

सीप र अन्य क्षमता विकास सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

- बिपदको प्रकारको आधारमा स्थान/वार्ड अनुसारको बिपद पहिचान गरी GIS म्यापिङ तयार गरी योजना तर्जुमाको अभिन्न अंगको रूपमा आत्मसात गर्ने नीतिलाई थप प्रभावकारिताका साथ लागू गरिनेछ । LDCRP को आधारमा स्थानीय बिपद व्यवस्थापन योजना तर्जुमा गर्न सरोकारवाला निकायहरू संग समन्वय गर्दै लगिनेछ ।
- जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यका लागि उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी र अन्य सामाजिक संघ संस्थाहरूसंग प्रभावकारी साझेदारी र समन्वय गरीनेछ ।
- ग्याँस प्रयोगका सन्दर्भमा सामान्य ज्ञानको अभावमा हुने गरेका आगलागी तथा दूर्घटना न्यूनीकरण गर्न समुदाय तहमा अभियानको रुपमा तालिम सञ्चालन गरिने छ ।
- स्थानीय विपद तथा जलवायू उत्थानशिल योजना तयार(LDCRP) गर्ने र जलवायु परीबर्तन अनुकुलन कार्यलाई निरन्तरता दिइनेछ ।

<u>सभाध्यक्ष महोदय,</u>

अन्तमा यो नीती, कार्यक्रम तथा बजेट निर्माण कार्यमा मार्ग दर्शन गर्नु हुने श्रद्धय नगर प्रमुख ज्यू प्रति विशेष आभार प्रकट गर्दछु। बजेट, कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा सिमा निर्धारण समितिका सदस्य ज्यूहरु, राजश्व परापमर्श समितिका सदस्यहरु, विषयगत समितिका संयोजक लगायत सदस्य ज्यूहरु, सवै जनप्रतिनिधि साथीहरु, प्रमुख प्रशासकिय अधिकृत एवं सभाका सचिव ज्यू लगायत साथ सहयोग गर्नुहुने अन्य कर्मचारी मित्रहरु बजेट तर्जुमा गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष सल्लाह सुझाव गर्नुहुने पूर्व जनप्रतिनिधि कियाशिल राजनीतीक दलहरु र तिनका नेतृत्वहरु संघ संस्था, सञ्चार जगत, उद्योगी व्यवसायी, बुद्धिजिवी लगायत नगरवासीहरु सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु।

नीती कार्यक्रम तथा बजेट तयार गर्नु एउटा पक्ष हो भने यसको कार्यन्वयन सफलतापूर्वक गरी नागरिकलाई बजेटको प्रतिफ़ल महसुस गराउनु अर्को उपलब्धी

भएको हुँदा बजेटको कार्यन्वयन मा सबैको साथ सहयोग क्रियाशिलता को अपेक्षा गर्दछु । यस बजेट माथि व्यापक छलफल गरी पारित गर्न सहयोग गर्नुहुने छ भन्ने सवै नगर सभाका सदस्य ज्यूहरुमा आग्रह र अनुरोध गर्दै विश्वास समेत राख्दै विदा हुन्छु ।

धन्यवाद ।